NRN Non-Resident Nepali Association
For Nepali By Nepali
Global Nepali

# नेपाली नागरिकता निरन्तरताका लागि सबै पक्ष सकारात्मक


नागरिकता निरन्तरताको बिषयमा सभासद्‌हरूसँगको अन्तर्क्रियामा एनआरएनए नेतृत्व । (फाइल फोटो)

विभिन्न पेशा र व्यवसायमा संलग्न भै दक्षिण एसियाबाहेकका मुलुकहरुमा बसोबास गरिरहेका गैरआवासीय नेपाली नागरिकहरुको नेपाली नागरिकतालाई निरन्तरता दिनेगरी नयाँ संविधानमा प्रावधान राख्न प्रमुख दलहरु सहमत देखिएका छन् ।

नेपालमा राजनीतिक प्रक्रियाका अनेकौं उतार चढावका बाबजुद संविधान लेखनका क्रममा रहेका विवादित विषयहरु साघुरिदै गएकाले संविधान लेखनको गुरुत्तर दायित्व संविधानसभाले निर्वाह गरिरहंदा "एक पटकको नेपाली सधैंको नेपाली" हुन सक्ने संवैधानिक र कानुनी आधार निर्माण गरिनुपर्छ भन्ने आवाज बलियो हुदै गएको छ ।

गैरआवासीय नेपालीको नागरिकता कायमै राख्ने विषयमा गैरआवासीय नेपाली संघको लगातारको लविपछि मुख्य राजनीतिक दलहरुबीच यसबारे सैद्धान्तिक सहमति भएको छ । यद्यपी यसको व्यवहारिक कार्यान्वनबारे भने पर्याप्त छलफल हुन बाँकी नै छ । संविधानसभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिले गैरआवासीय नेपालीको लागि नागरिकता नै नभने पनि 'गैरआवासीय नेपाली परिचयपत्र' जारी गर्ने भनेको छ । यसैगरी एनेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको संवैधानिक समिति अन्तर्गतको विवाद समाधान उपसमितिले दक्षिण एसियाली मुलुक बाहिर बसोबास गर्ने गैरआवासीय नेपालीलाई गैरआवासीय नागरिकता प्रदान गर्न सकिने विषयमा सर्वसम्मत निर्णय गरेको छ ।

नेपालको नागरिकता ऐन २०६३ को दफा (१०) १ ले "नेपालको कुनै नागरिकले आफुखुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहने छैन" भन्ने ब्यवस्था गरेको छ । नागरिकता ऐनका कतिपय प्रावधानहरु भूमण्डलीकरण, विश्वव्यापी मान्यता र लैंगिक दृष्टिकोणले पनि सान्दर्भिक छैनन् । बिशेषगरी विदेशमा बसोबास गरिरहेका गैरआवासीय नेपालीका लागि यस्ता प्रावधानहरु न्यायपूर्ण छैनन् । राजनीतिक दलहरुबीच गैरआवासीय नेपालीको दोहोरो नागरिकता कायम राख्ने विषयमा सैद्धान्तिक सहमति भएपनि यसको लागि संवैधानिक व्यवस्था गर्ने वा कानुनी रुपमै विकल्प खोज्ने भन्ने विषयमा भने पर्याप्त छलफल हुन सकेको छैन ।

मुख्य राजनीतिक दलहरु गैरआवासीय नेपालीको लागि दोहोरो नागरिकता कायम राख्ने कुरामा एकमत छन् । राजनीतिक सम्बन्ध र अनेकौं आयाम जोडिएका दक्षिण एसियाली मुलुकमा बस्ने गैरआवासीय नेपालीको दोहोरो नागरिकता कायम राख्न नसकिनेमा दलहरुबीच समान धारणा छ । प्रधानमन्त्री डा. बाबुराम भट्टराईले सरकारसहित सबै दलहरु यसमा सकारात्मक भएको बताउनु भएको छ । तर कानुनमा उल्लेख गर्ने वा संवैधानिक विषय बनाउने भन्नेमा भने छलफल भएको प्रधानमन्त्री भट्टराईको भनाइ छ । 'यसलाई कसरी व्यवस्था गर्ने, संवैधानिक विषय बनाउने कि संविधानमा बाटो खोलेर ऐनमा व्यवस्था गर्ने भन्ने विषयमा छलफल भएको छ ' दोहोरो नागरिकताको विषयमा सरकारी प्रतिबद्धता दोहोर्‍याउदै भट्टराईले भन्नुभयो 'सरकार यो विषयलाई संवैधानिक रुपमा हल गर्न तयार छ ' ।

गैरआवासीय नेपालीले उठाएको दोहोरो नागरिकताको माग जायज भएको स्वीकार्दै नेपाली कांग्रेसका उपसभापति तथा संसदीय दलका नेता रामचन्द्र पौडेल दक्षिण एसिया बाहेकका देशमा भएका नेपालीलाई दोहोरो नागरिकता दिंदा आपत्ति मान्नु नपर्ने बताउनुहुन्छ । गैरआवासीय नेपालीलाई दोहोरो नागरिकता लिएको अवस्थामा राजनीतिक बाहेकका अन्य अधिकार दिनुपर्ने बताउदै कांग्रेस उपसभापति पौडेलले भन्नुभयो,'अर्को देशको नागरिकता त्यागेर फेरी नेपाल फर्केमा राजनीतिक अधिकार समेत दिनुपर्छ ।'

पूर्वप्रधानमन्त्री तथा एमाले वरिष्ठ नेता माधवकुमार नेपाल पनि दक्षिण एसियाली मुलुक बाहेकका गैरआवासीय नेपालीलाई दोहोरो नागरिकता दिन कुनै कठिनाइ नभएको बताउनुहुन्छ । दलहरुबीच यस बिषयमा सैद्धान्तिक सहमति भइसकेकाले पनि व्यवहारिक कार्यान्वयनमा कठिनाइ नहुने उहाको विश्वास छ । गैरआवासीय नेपालीले नेपाली नागरिकताको निरन्तरताको मात्र कुरा गरिरहेकोले यस विषयमा कुनै अड्चन

बाँकी पृष्ठ ६ मा

## भित्र


- जलविद्युतमा लगानीका लागि अभियान पृष्ठ २
- एनआरएनए अध्यक्ष जीवा लामिछानेसँगको अन्तर्वार्ता पृष्ठ ३
- दोहोरो नागरिकताको प्रश्न प्रा.डा. सूर्य प्रसाद सुवेदी पृष्ठ ८
- एनआरएनए गतिविधि पृष्ठ ११

# जलविद्युतमा सामूहिक लगानीका लागि अभियान



एनआरएनए टोली सामूहिक लगानीबारे जर्मनीमा छलफल गर्दै ।

नेपालमा सामूहिक लगानीका लागि गैरआवासीय नेपाल संघ (एनआरएनए)ले गृहकार्य अगाडि बढाएको छ । यसका लागि एनआरएन प्रतिनिधिहरुले यूरोपका विभिन्न देशमा अभियानलाई तीव्रता दिएका छन् । नेपालमा १ सय मेगावटको जलविद्युत परियोजना सञ्चालनका लागि एनआरएन अध्यक्ष जीवा लामिछाने आफै सक्रिय भई यूरोपका विभिन्न देशमा कार्यक्रमलाई अगाडि बढाएको बताउनु भएको हो ।

जसअन्तर्गत गत जनवरी १२ मा जर्मनी, जनवरी २८ मा बेलायत र जनवरी ९ मा बेल्जियमका प्रवासी नेपालीहरुसँग नेपालमा जलविद्युत क्षेत्रमा लगानी गर्ने विषयमा छलफल गरिएको थियो । जर्मनीको फ्र्यांकफर्ट, बेल्जियमको ओत्रोपेन र बेलायतको लन्डन सहरमा अध्यक्ष लामिछानेको सक्रियतामा नेपालमा जलविद्युतको सम्भावना र लगानीका विषयमा छलफल भएको हो ।

छलफलमा जलविद्युतमा लगानी विधि, यसको पारदर्शिता, कम्पनीको कानुनी प्रावधान, गैरआवासीय नेपाली संघको भूमिकाको विषयमा लामिछानेले सहभागीहरु माझ जानकारी गराउनु भएको थियो ।

एनआरएनको सन् २०११ मा काठमाडौंमा सम्पन्न पाँचौ विश्वसम्मेलनको घोषणपत्रमा नेपालमा १ सय मेगावटको जलविद्युत स्थापनका लागि एनआरएनको तर्फबाट लगानी गर्ने घोषणा गरिएको थियो । परियोजनामा १ लाख रुपैयाँदेखि १ करोडसम्म लगानी गर्न सकिन्छ । जसमा अनुमानित पूँजी  ५ अर्ब रुपैयाँ हुने र बाँकी ७० प्रतिशत नेपालका बैंकबाट ऋण लिइने उल्लेख छ । परियोजनाको कूल पूँजी रु. १५ अर्बसम्म पुग्ने लक्ष्य लिइएको छ । जर्मनीमा आयोजित कार्यक्रममा आईसीसी सदस्य स्पेनका पुष्पराज तिमिल्सिना, डा. बद्री के.सी र सपिला राजभण्डारीले नेपालमा भइरहेको लोडसेडिङ कसरी कमी गर्न सकिन्छ भन्ने विषयमा आफ्ना भनाइहरु राख्नु भएको थियो ।

सरकारले सन् २०१२ र ०१३ लाई लगानी वर्षका रुपमा मनाउने घोषणा गरेकाले लगानी वृद्धिका लागि अध्यक्ष लामिछानेले गैर आवासीय नेपालीहरुलाई आह्वान गर्नु भयो ।

बेल्जियममा आयोजित कार्यक्रममा नेदरल्यान्डकी आईसीसी सदस्य शारदा बराइली, एनसीसी स्पेनका अध्यक्ष अर्जुन काफ्ले, एनआरएन फ्रान्सका अध्यक्ष निर्मल अर्याललगायत बेल्जियममा रहेका विभिन्न संघ संस्थाका अध्यक्ष, प्रतिनिधि एवम् नेपाली समूदायका साथै सञ्चारकर्मीको भव्य उपस्थिति थियो ।

कार्यक्रममा एनआरएनका संस्थापक अध्यक्ष उपेन्द्र महतोले गैरआवासीय नेपालीहरुलाई आफूले कमाएको १० प्रतिशत मात्रै भए पनि नेपालमा लगानी गर्न आग्रह गर्नु भएको थियो । एनआरएनहरुले व्यक्तिगत रुपमा गरेको २५ अर्बभन्दा बढी लगानीले स्पष्ट सन्देश नदिएकाले सामूहिक लगानीको अवधारणा ल्याएको महतोको भनाइ थियो । उहाँले जलविद्युत परियोजनाका लागि सन् २०१२ सम्ममा कम्पनी दर्ता गरी पूँजी संकलन गरिने र सन् २०१३ देखि परियोजना सुरु गर्ने योजना रहेको जानकारी गराउनु भएको थियो ।

बेलायतमा आयोजित कार्यक्रमका प्रमुख अतिथि बेलायतका लागि नेपाली राजदूत डा. सुरेशचन्द्र चालिसेले एनआएनलाई जलविद्युतसँगै खानेपानी र सिँचाइ क्षेत्रमा समेत लगानीका लागि सुझाव दिनु भएको थियो । सीप र ज्ञान स्वदेशमा उपयोग गर्न पनि राजदूत चालिसेले गैरआवासीय नेपालीलाई आग्रह गर्नुभयो ।


NRN Global Nepali

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदद्वारा प्रकाशित



यस न्युजलेटरमा प्रकाशित सामग्री, लेख तथा अन्तर्वार्ता साभार गरी पुनः प्रकाशन गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं । यसका लागि पूर्व अनुमति लिइराख्नु पर्नेछैन । सम्भव भएसम्म पुनर्प्रकाशित सामग्रीबारे हामीलाई इमेल, पत्र वा प्रकाशित कपी नै पठाई सहयोग गरिदिनुहुन पनि अनुरोध छ ।



**डा. हेमराज शर्माः** प्रवक्ता तथा सम्पादन मण्डल

गैरआवासीय नेपाली संघ
सचिवालय
टेकु, काठमाडौं
फोन नं. ९७७-०१-४२१५२४७, ४२६२२५५
इमेलः nrn@nrn.org.np
contact@nrn.org.np
वेभसाइटः www.nrn.org.np



**सामग्री संयोजन : आउटलाइन मिडिया**
www.outline.com.np
www.onsnews.com


## खुल्ला विश्वविद्यालयमा एनआरएनएको चासो

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए आइसीसी) को सहयोगमा नेपालमा तीन वर्षभित्र खुल्ला विश्वविद्यालय शुरु गरिने भएको छ । झण्डै एक बर्ष अघिदेखि खुल्ला विश्वविद्यालय तयारीका लागि नेपाल आएर काम थालेको एनआरएनएले त्यसका लागि २५ मिलियन डलर छुट्याएको छ । दुर्गम क्षेत्र तथा पिछडिएका वर्ग, महिला, पेसा, व्यवसायमा संलग्नहरुको उच्च शिक्षामा पहुँच पुऱ्याउन खुल्ला विश्वविद्यालयको अवधारणा ल्याइएको खुला विश्वविद्यालय तयारी समितिका सदस्यसचिव प्रमोद ढकालले जानकारी दिनुभयो ।

सरकारी उदासिनका कारण खुला विश्वविद्यालय तयारी समितिको काम ढिलाई भएको सदस्यसचिव ढकालले बताउनु भयो । विश्वका झण्डै ६५ देशमा एक सयको हाराहारीमा खुल्ला विद्यालय संचालनमा छन् । नेपालमा एनआरएनएले २००८ देखि यो अबधारणा ल्याएको थियो । ढकालका अनुसार बिभिन्न पेसा, व्यवसायमा संलग्न विद्यार्थीहरुका लागि कामै छाडेर पढ्नुपर्ने अवस्थाको अन्त्य गर्न खुला विश्वविद्यालयको अवधारणा अघि सारिएको हो । प्राविधिक विषयका लागि भने खुला विश्वविद्यालयमा १० विद्यार्थी बराबर एक ट्युसन र प्रोफेसरको व्यवस्था, पाठ्यक्रम, विद्यार्थी र शिक्षकको सहमतिमा समयअनुकूल कक्षा सञ्चालन गरिने ढकालको भनाइरहेको थियो ।

विश्वविद्यालयको कक्षा कोठामा राखेर सधैंभरी पढाउन र पढ्न सम्भव नहुने भएकोले विश्वविद्यालय घरघरमा पुग्नु परेको हो । जागिर छाडेर वा घरै छाडेर पढ्नुपर्ने प्रणालीलाई खुला विश्वविद्यालयले विस्थापित गरी घरैमा बसेर काम गर्दागर्दै पढ्न सकिने ढकालको भनाइ छ ।

शिक्षा सचिवको अध्यक्षतामा गठित खुला विश्वविद्यालय तयारी समितिमा मन्त्रालयका उपसचिव बाबुकाजी कार्कीसहित चार जना कर्मचारी छन् । सो प्रयोजनका लागि शिक्षा मन्त्रालयमा सचिवालय स्थापना गरिएको छ ।

# 'गैरआवासीय नेपालीहरूको संयुक्त लगानीका लागि राम्रो वातावरण बन्दै गएको छ'

**गैरआवासीय नेपाली संघको अध्यक्षमा निर्वाचित भए लगत्तै *जीवा लामिछाने*ले गैरआवासीय नेपालीहरुको नागरिकताको निरन्तरता र सामुहिक लगानी जस्ता विषयमा जोड दिनु भएको थियो। त्यतातिर के प्रगति भैरहेको छ त ? प्रस्तुत छ यो संक्षिप्त कुराकानी:**

**एनआरएनको नेतृत्व गर्नुभएको सय दिन पुरा भएको छ, यो अवधिमा तपाईको नेतृत्वको समीक्षा गर्दा के भन्नुहुन्छ ?**

पाँचौ सम्मेलन सकिएको सय दिन पुरा भएको छ। यो अवधिमा कार्यसमितिका साथीहरुबीच कामको बाँडफाँडको लागि विभिन्न कमिटि (टाक्स फोर्स) हरु गठन भएका छन्। अन्तर्राष्ट्रिय समन्वय परिषदमा बाँकी सदस्यहरु, सल्लाहकार तथा संरक्षकहरुको चयन गरिएको छ। सामाजिक कार्यहरुका लागि समितिका पदाधिकारी तथा राष्ट्रिय समन्वय परिषदहरुबाट आर्थिक योगदानका लागि प्रतिबद्धता लिएका छौं। संघको आर्थिक स्थायित्वका लागि आफ्नै भवन बनाउने योजना तर्जुमा गरिएको छ, जुन कामको लागि आर्थिक संकलन गर्ने काम सुरु गरिएको छ।

सामूहिक लगानीको अवधारणालाई अगाडि बढाउन विभिन्न क्षेत्रमा अन्तरक्रिया तथा छलफल अभियान शुरु गरिएको छ। संघ दर्ता प्रकृयालाई अगाडि बढाउन परराष्ट्र मन्त्रालयमा गैरआवासीय नेपाली सम्बन्धी ऐन परिमार्जनका लागि ज्ञापन पत्र प्रस्तुत समेत गरिएको छ। अहिलेसम्म भएका केही महत्वपूर्ण कामको समीक्षा यसरी गर्न सकिन्छ। संस्थागत हिसाबमा यी कामहरु महत्वपूर्ण नै छन्।

**अध्यक्ष हुँदा गर्नु भएका प्रतिबद्धताहरु पुरा गर्न कतिको अनुकूल वातावरण पाउनु भएको छ ?**

मैले जुन काम गर्न सम्भव छ। त्यस्ता कामको लागि मात्र प्रतिबद्धता जाहेर गरेको थिए। मैले प्राथमिकतामा राखेका कामहरु गर्नका लागि संगठनात्मक हिसाबले हामी सबैले ऐक्यबद्धताका साथ सुरुवात गरिसकेका छौं।

राष्ट्रिय समन्वय परिषद र अन्तर्राष्ट्रिय समन्वय परिषदमा कार्य समितिका सबै साथीहरुबाट कामलाई सफल बनाउनको लागि राम्रो सहयोग भइरहेको मैले महसुस गरेको छु। मैले आफ्नो घोषणापत्रमा व्यक्त गरेका प्रतिबद्धता पुरा गर्न म सदैव दृढ छु। र, यसका लागि साथीहरुको सद्भाव र सहयोगको पनि अपेक्षा गर्दछु।

**अहिले तपाई कुन मुद्दामा केन्द्रित भएर अगाडि बढ्नु भएको छ ?**

यसपटक हाम्रो मुख्य एजेण्डा भनेको गैरआवासीय नेपालीहरुको सामूहिक लगानी, नेपाली नागरिकताको निरन्तरता अभियान र बैदेशिक रोजगारीका सवालहरु हुन्। त्यसैगरि संघ दर्ता तथा हाम्रा चालु योजनाहरु जस्तै खुल्ला विश्वविद्यालय कार्यन्वयनको पक्षमा पनि कामहरु भइरहेका छन्।

## जीवा लामिछाने

अध्यक्ष, एनआरएनए आइसीसी



**मुख्य गरेर गैर आवासीय नेपालीहरूले एक पटकको नेपाली सधैंको नेपाली भन्ने नारा प्रमुख बनाएका छन्, संविधान जारी गर्ने समय नजिकिँदै गर्दा यो अभियान कसरी अगाडि बढेको छ ?**

एक पटकको नेपाली संधैको नेपाली भनेर हामीले संधै भन्दै आएका छौं। गैरआवासीय नेपाली संघभित्र दोहोरो नागरिकता सम्बन्धी सवालहरु हेर्ने एउटा कार्यदल (टास्क फोर्स) नै छ। जुन कमिटिले दोहोरो नागरिकता सम्बन्धी संघको अवधारणा पत्र तयार गरिसकेको छ। हामीले विभिन्न समयमा नेपालमा राजनैतिक दलका शीर्ष नेताहरु, नीति निर्माण तह, सभासद् तथा नेपाल सरकारका प्रतिनिधिसग भेटघाट गरेर दोहोरो नागरिकताको आवश्यकता र यसको महत्वका बारेमा जानकारी गराएका छौं। फलस्वरुप सबै पक्षबाट सकारात्मक प्रतिक्रिया पनि हामीले पाएका छौं। संविधानसभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिबाट प्रस्तावित मस्यौदामा पनि गैरआवासीय नेपाली नागरिकताको व्यवस्था हुनु पर्छ भनेर सिफारिस भैसकेको छ। तर, हामीले भनेझै नेपाली नागरिकता खारेज नहुने व्यवस्था कायम गराउन भने सबै पक्षको बीचमा छलफल बहस चलाउन आवश्यक भएको मैले महसुस गरेको छु। जुन काममा हामी सबै दृढ रुपमा लागेका छौं। यही फेब्रुअरीको तेस्रो हप्तामा गैरआवासीय नेपाली संघको दोहोरो नागरिकता सम्बन्धी कार्यदलका प्रतिनिधिहरुको टोली यो कामका लागि फेरि नेपालमा आउँदैछ र अझै बहस छलफल चलाउने सम्मको हामीले निर्णय गरेका छौं। मलाई लाग्छ कि संबिधान निर्माणको प्रकृयामा रहेको यो सन्दर्भमा हामीहरुले गर्ने त्यो भेटघाटले सार्थकता पाउने छ।

**सम्मेलनको क्रममा र विभिन्न देशमा हुने छलफल, सम्वादमा अहिले उठ्ने एक विषय नेपालमा संयुक्त लगानीको कुरा हो यस विषयमा केन्द्रित रहेर केही दिन अगाडि बेलायत तथा बेल्जियम लगायतका मुलुकहरुमा अन्तरक्रियाहरु भएका थिए, यो बारेमा कसरी अगाडि बढ्नु भएको छ ?**

गैरआवासीय नेपालीहरुको संयुक्त लगानीका लागि धेरै पहिलेदेखि नै पहल भइरहेको थियो। अहिले यसका लागि राम्रो वातावरण बनेको मैले महसुस गरेको छु। भर्खर मात्रै जर्मनी,बेलायत,बेल्जियम र लक्जेम्बर्गमा साथीहरुसंगको अन्तरक्रियापछि म अझ बढी उत्साहित भएको छु। लगानी गर्न ईच्छुक गैरआवासीय नेपालीहरुलाई नेपालमा एउटै कम्पनीको माध्यमबाट लगानीका लागि आह्वान गरिएको छ। लगानीकर्ताहरुबीच छलफल तथा अन्तरक्रियालाई अगाडि बढाउन विभिन्न क्षेत्रहरुमा छलफलका लागि बैठक गर्न हामीहरुलाई बोलाउनु भएको छ। यसै वर्षभित्र कम्पनी स्थापना गर्ने हाम्रो लक्ष्यलाई साथीहरुको यो उत्साहले सफल बनाउनेछ भन्ने हामीले विश्वास लिएका छौ।

**नेपालको विकासमा एनआरएनहरूको भूमिका कस्तो देख्नु भएको छ ? लगानीका सम्भावनाहरु के के छन् ?**

नेपालमा लगानीका प्रशस्त सम्भावना छन्। गैरआवासीय नेपालीले व्यक्तिगत वा सामूहिक रुपबाट विभिन्न क्षेत्रहरु जस्तैः जलविद्युत, सञ्चार, दूरसञ्चार, बैकिङ्ग, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका क्षेत्रमा लगानी गर्दै आएका छन्। नेपाल सरकारले प्राथमिकतामा राखेका विभिन्न क्षेत्रमा गैरआवासीय नेपालीलाई लगानीका लागि हामीले अनुरोध गरेका छौं।

**नेपालको राजनीतिक अवस्थाले पक्कै पनि लगानीमा सकारात्मक वा नकारात्मक रुपमा प्रभाव पारेको हुन्छ,पछिल्लो राजनीतिक अवस्थालाई विदेशमा रहेका नेपालीले कसरी हेरेका छन् ?**

अवश्य पनि लगानीका लागि राजनैतिक स्थिरता र लगानीमैत्री वातावरण चाहिन्छ नै, तर पनि गैरआवासीय नेपालीहरुले प्रतिकूल वातावरणमा पनि लगानी गरिनै रहेका छन्। हामी आशावादी छौ। अब छिट्टैनै नयाँ संविधान बन्ने छ र स्थायी शान्ति स्थापना हुनेछ। त्यस्तो अवस्थामा गैरआवासीय नेपाली र नेपालीसँग सम्बन्ध राख्ने विदेशी लगानीकर्ताहरुलाई पनि जलविद्युत लगायत अन्य ठूला योजनामा लगानीका लागि अनुरोध गर्न सकिन्छ।

**एनआरएनको अध्यक्षको हैसियतले गैरआवासीय नेपालीहरुलाई तपाईको सन्देश के छ ?**

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा नयाँ वर्ष २०१२ को शुभकामना व्यक्त गर्न चाहन्छु। सबै गैरआवासीय नेपाली साथीहरुलाई आ-आफनो क्षेत्रबाट क्षमता बमोजिम नेपालमा सामाजिक तथा आर्थिक क्षेत्रमा योगदान गर्नुहुनका लागि म अनुरोध गर्दछु। हामीले संयुक्त रुपमा केही गर्न चाहेको अवस्थामा त्यसलाई निरन्तरता दिनु आवश्यक छ र सफलता पनि हासिल गर्न सकिन्छ। ❍

# 'दोहोरो नागरिकता हुँदा देशले धेरै पाउँछ'

**डा. बाबुराम भट्टराई, प्रधानमन्त्री**



गैरआवासीय नेपालीले उठाउँदै आएको दोहोरो नागरिकताको विषयमा सरकारको धारणा के छ ?

अन्तरिम व्यवस्थापिका संसद गठन भएदेखि नै गैरआवासीय नेपालीलाई गैरआवासीय परिचयपत्र जारी गर्नुपर्छ भनेर ऐन बने अनुसार परिचयपत्रको व्यवस्था भइरहेको छ । अहिले नेपाली नागरिकता लिइसकेको व्यक्ति विदेशमा गएर अर्को देशको नागरिकता पाएको अवस्थामा पनि आफुले पाएको नेपाली नागरिकता कायम रहने व्यवस्थाको माग भएको छ। यसबारे सरकार मात्र होइन सबै दलको अवधारणा सकारात्मक भएको मैले पाएको छु। यसलाई कसरी ब्यवस्था गर्ने, संबैधानिक बिषय बनाउने कि संबिधानमा बाटो खोलेर ऐनमा ब्यवस्था गर्ने भन्ने बिषयमा छलफल भएको छ। सरकार यो बिषयलाई संबैधानिक रुपमा हल गर्न तयार छ।

दोहोरो नागरिकताको विषय संविधानमा उल्लेख गराउने प्रयासमा सरकारको पनि कुनै भूमिका हुन्छ कि ?

संविधानसभामा नागरिकता बिषय अहिले पनि छलफलमा छ, टुङ्गिएको छैन। संविधानसभाको बिषयगत समितिमा छलफल हुदा नेपाली नागरिकता भएका गैरआवासीय नेपालीले अरु देशको नागरिकता लिइसकेका छन् भने नागरिकता लिएका देशले दुई देशको नागरिकता स्वीकार गर्ने हदसम्म नेपाललाई नागरिकता दिन अपत्ति नहुने दिशामा छलफल भइरहेको छ। सरकार यसमा सकारात्मक छ।

दोहोरो नागरिकता कायम गर्नुहुदैन भन्ने आवाज पनि छन्, उनीहरूलाई तपाई के भन्नुहुन्छ ?

यसबाट नेपालको एक पटकको नागरिकको नेपालप्रतिको मोह, आवतजावत हुने मात्र होइन, नेपालमा लगानीको सम्भावना पनि उत्तिकै हुन्छ। यस्तै नेपालको विकास र प्रतिष्ठाका निम्ति नेपाली हुँ भन्ने मन, बचन र कर्मका साथ सेवा गर्ने सकारात्मक कुरा हुन्। अर्को कुरा छिमेकी भारत र चीनले गैरआवासीय नागरिकका लागि बेग्लै व्यवस्था गरेर नागरिक सरह, राजनीतिमा भाग लिनेबाहेक सबै गतिविधिमा संलग्न हुन पाउने व्यवस्था गरेर आर्थिक विकासमा टेवा पुर्‍याइरहेका छन्। छिमेकीको अनुभवका आधारमा पनि यसबाट हामीहरु पछि हट्नु हुदैन। जुन देशले नेपालीको दाहोरो नागरिकता स्विकार्छन् त्यसमा हामीले आपत्ति मान्नु पर्ने कुरा छैन किनकी हामीले अर्को नागरिकता दिएको होइन आफ्नो नागरिकता स्वेच्छाले परित्याग नगरेसम्म नागरिक मानिदिने कुरा हो। त्यसैले यो कुरा स्विकार्दा नेपालले गुमाउनु पर्ने केहि छैन पाउने कुरा नै धेरै छन्।

गैरआवासीय नेपालीसँग सरकारका अपेक्षा के हुन्?

नेपाली नागरिकता कायम राखिरहनुको अर्थ उनीहरु नेपाली भइराख्ने तथा नेपालप्रतिको अपनत्व कायम राखिरहने कुरासंग जोडिन्छ। नेपालको हितमा उनीहरुले विदेशमा अनौपचारिक राजदुतको भूमीका निभाउन सक्छन्। सबैभन्दा महत्वपूर्ण कुरा विदेशमा सिकेको ज्ञान, क्षमता र आर्जन गरेको सम्पतिबाट नेपालमा लगानी गर्ने र नेपालको आर्थिक सम्बृद्धिमा योगदान पुर्‍याउने कुरामा गैरआवासीय नेपालीले योगदान पुर्‍याउनु पर्छ र सरकारको अपेक्षा पनि यहि हो।

## पहल जारी छ

गैरआवासीय नेपाली संघको दोहोरो नागरिकता कार्यदलमा भएको गहन छलफलपछि केहि सकारात्मक उपलब्धि हासिल भएको छ। जसमध्ये संविधान लेखनको क्रममा विवादित विषयमा सहमति खोज्न एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा प्रमुख दलका शीर्ष नेता सदस्य भएको उच्चस्तरीय कार्यदलले ४ नोभेम्बर, २०१० मा नेपाली मूलका गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्नेबारे सहमति कायम गरेको छ। सहमतिमा "नेपालको नागरिकता त्याग गरी विदेशको नागरिकता प्राप्त गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) क्षेत्र भन्दा बाहिरका देशमा बसोबास गरेका नेपाली मूलका व्यक्तिलाई प्रचलित कानुन बमोजिम आर्थिक, सामाजिक र सांस्कृति अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिनेछ साथै "गैर आवासीय परिचयपत्र" भन्ने शब्दको सट्टा "गैर आवासीय नेपाली नागरिकता" भन्ने शब्दावली राख्ने" भन्ने उल्लेख छ।

यसैगरी संविधानसभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिले आफ्नो प्रतिवेदनमा गैरआवासीय नेपालीका नागरिकताको विषयलाई संविधानमा उल्लेख गर्नुपर्ने व्यवस्थाका बारेमा सुझाब दिएको छ।

"नेपाली जनताबाट प्राप्त सुझावहरू, अन्तर्राष्ट्रिय अनुभव, नेपालमा प्रचलित संवैधानिक अभ्यास समेतलाई दृष्टिगत गर्दै नागरिकता सम्बन्धमा संविधानमा देहायका बमोजिमको व्यवस्था गर्ने" भन्ने उल्लेखसहित मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको नागरिकतासम्बन्धी स'झावको २६ नम्बरमा गैरआवासीय नेपालीलाई दिइने भनिएको नागरिकताको विषयमा उल्लेख गरिएको छ।

"नेपाली नागरिकता त्याग गरी विदेशी नागरिकता लिएका गैरआवासीय नेपालीलाई नेपालमा सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्ध जोड्ने प्रयोजनका लागि राजनीतिक अधिकार, मताधिकारको प्रयोग र सार्वजनिक पदमा वहाल रहन नपाउने तथा कानुनमा रोक लगाइएका बाहेकका अन्य अधिकार प्रयोग गर्न पाउने गरी गैरआवासीय नेपाली परिचय पत्रको व्यवस्था गर्ने।"

## 'नागरिकता कायम राख्दा हरेक हिसाबले फाइदा हुन्छ'



**गगन थापा**

जन्मथलोका हिसाबले गैरआवासीय नेपाली पनि नेपाली नै हुन्। विदेशमा बसोबास गरिरहेका नेपालीहरुको नागरिकतालाई निरन्तरता दिने विषयमा सबैजना सकारात्मक हुनुपर्छ। कर्मथलो बेग्लै भए पनि जन्मथलोप्रतिको माया र आस्थालाई स्वभाविक रुपमा हरेक नेपालीले बिर्सन सक्दैन। मुलुकमा राम्रो रोजगारीको सम्भावना कम भएकै कारण कतिपय नेपाली दाजुभाइ दिदीबहिनी विदेशिनु परेको यथार्थलाई बिर्सेर उनीहरुको क्षमतालाई पलायन ठान्ने, आफू मात्र राष्ट्रवादी ठान्ने प्रवृत्तिका व्यक्तिलाई दोहोरो नागरिकताको चर्चा अनाबश्यक लाग्न सक्छ। मुलुकको ढुलमुले राजनीतिलाई हेरेर पनि युवाहरुमा पछिल्लो समय विदेशमा काम गर्ने रहर बढेको छ। तर आर्थिक हिसाबले मजबुत, विदेशमा सिकेको ज्ञान , प्रविधि र सीपमा दक्ष गैरआवासीय नेपालीलाई नेपाल फर्काउन गाह्रो भएपनि उनीहरुलाई नेपाल र नेपालीसंग जोड्न नागरिकता सरहको परिचयपत्र दिदैमा राज्यको सर्वश्व जाने पनि होइन। यसबारे संविधानसभामा पनि बहस जारी छ। अहिले यो विषयभन्दा अरु नै सन्दर्भ मुलुकका लागि महत्वपूर्ण भएकाले केही ओझेलमा परे जस्तो मात्र भएको हो।

सबैजसो दल र संघ स्थापनाकालदेखिका सरकारले समेत यो विषयलाई सकारात्मक रुपमा लिएका छन्। विदेशमा कर्मभूमि बनाई बसोबास गरेपनि नेपाल र नेपालीप्रतिको प्रगाढ सम्बन्ध कायमै राख्न पनि गैरआवासीय नेपालीहरुलाई दोहोरो नागरिकता या सो सरह परिचयपत्रको जरुरी भएको हो। यसबाट लगानीको वातावरण सृजना हुने मात्र नभई हरेक हिसाबले दोहोरो फाइदा हुन्छ।

*थापा मौलिक हक तथा निर्देशक सिद्धान्त समितिका सदस्य हुनुहुन्छ*

## 'नेपालसँग जोड्न दोहोरो नागरिकता आवश्यक'



क्या. हितमान गुरूङ

संसारका बिभिन्न ठाउँमा छरिएर बसेका नेपालीहरुले पछिल्लो समयमा नेपाली पहिचान विहीन हुनु परेको छ। नेपालको वर्तमान कानुनी व्यवस्थाले अर्को देशको नागरिकता लिएको अवस्थामा नेपालको नागरिकता कायम नरहने व्यवस्था गरेको छ। फलस्वरुप लाखौँ नेपालीहरु पहिचानविहीन हुनुपर्ने पीडाबाट गुज्रिरहेका छन्। संविधान लेखनको अन्तिम चरणमा आइपुग्दा गैरआवासीय नेपालीहरूको नागरिकता कायम राख्नेबारे संवैधानिक प्रावधान राख्न संगठित अभियान चलिरहेको छ।


यस सन्दर्भमा बेलायतमा बसोबास गरिरहेका गोर्खा परिवारहरूको सरोकारलाई छुटाउनै सकिदैन। बेलायत सरकारले आवासीय भिसाको प्रावधान राखेपछि पूर्व गोर्खा परिवारहरुको ठुलो संख्या बेलायतमा आएर बस्न थालेका छन्। तलव, भत्ता, निवृत्तिभरण लगायत अन्य सम्पूर्ण सेवाहरुमा बेलायत सरकारले चरम विभेदका विरुद्ध लामो लडाईं लडेपछि गोर्खाहरु अधिकार प्राप्त गर्न कै लागि यहाँ आउन बाध्य भएका हुन्।

विदेशमा बसेका गोर्खाहरुको नेपाल सर कारसँगको सम्बन्ध विशिष्ट प्रकारको छ। गोर्खाहरुको नेपालसँगको पहिचान गुम्दा त्यसको सामाजिक, आर्थिक र सांस्कृतिक रुपमा नेपालमा दूरगामी प्रभाव पर्ने कुरालाई पनि नर्कान सकिदैन। त्यसैले उनीहरुलाई पुस्तौंसम्म नेपालसँग जोड्न पनि दोहोरो नागरिकता कायम राख्नु आवश्यक छ।

*(गुरुङ गैरआवासीय नेपाली संघका उपाध्यक्ष तथा दोहोरो नागरिकता कार्यदलका सहसंयोजक हुनुहुन्छ।)*

## 'दोहोरो नागरिकताबारे सहमति भइसकेको छ'

**माधवकुमार नेपाल, पूर्वप्रधानमन्त्री तथा वरिष्ठ नेता, नेकपा (एमाले)**



दोहोरो नागरिकताको माग गर्दै गैरआवासीय नेपालीहरूले पटक पटक शीर्ष नेतृत्वसँग भेटेर कुरा गरिसकेका छन्। यसबारे तपाईंको धारणा के छ ?

गैरआवासीय नेपालीहरुलाई राजनीतिक बाहेक अन्य अधिकार दिने गरी पहिला नागरिकता लिइसकेका दक्षिण एसिया बाहेक अन्यत्र संगठित गैरआवासीय नेपालीहरुको हकमा त्यो दिनु पनि पर्छ। नेपालमा लगानी गर्ने सन्दर्भमा आइपरेका व्यावहारिक समस्या समाधानका लागि दोहोरो नागरिकता चाहिएको हो। नेपालसँगको सम्बन्ध कायम राख्नका लागि पनि दोहोरो नागरिकता दिनुपर्छ। मलाई लाग्छ यसबारे दलहरुबीच सहमति भएको छ।

दोहोरो नागरिकता दिंदा तपाईंको बिचारमा नेपाललाई कस्ता फाइदा होला ?

म नेपाली हु भन्ने भावनाले अभिप्रेरित गर्नैछ। उहाँहरुको सम्पत्ति, सीप र अनुभव मुलुकको हितमा प्रयोग गर्न सकिएमा धेरै राम्रो हुन्छ। नेपालमा जन्मिएको, नेपाली भएको र केही समयको लागि मात्र विदेश गएकोले पनि नेपालसँगको सम्बन्ध कायम राख्न गैरआवासीय नेपालीहरुलाई नागरिकता दिदा मुलुकलाई पनि लाभ हुन्छ।

गैरआवासीय नेपालीहरूले नेपालको विकास निर्माणमा गरेका कामप्रति तपाईंको धारणा के छ ?

विकास निर्माण र समाज सेवामात्र होइन, उद्योग व्यवसायको प्रबर्द्धनमा गैरआवासीय नेपालीहरुको योगदान उत्तिकै सह्राहनीय छ। नेपालमा जन्मिएर मातृभूमिको माया र प्रतिवद्धताले पनि नेपालप्रतिको उहाहरुको लगाव प्रष्ट हुन्छ। मातृभूमिप्रति विशेष सम्बन्ध रहेको बर्तमान परिप्रेक्षमा उहाहरुको भूमिकाको प्रशंसा गर्न चाहन्छु।

## 'गैरआवासीय नेपालीलाई नागरिकता दिनुपर्छ'



**रामचन्द्र पौडेल, उपसभापति, नेपाली कांग्रेस**

दोहोरो नागरिकता दिनुपर्ने गैरआवासीय नेपालीको मागप्रति कांग्रेसको धारणा के हो ?

गैरआवासीय नेपालीलाई त्यहिको नागरिकता लिएर बसेका भन्दैमा उनीहरुको नेपालसँगको सम्बन्ध रहदैन भन्नु कुनै पनि अर्थमा बुद्धिमानी सोच होइन। कुनै न कुनै रुपमा नेपालसँगको उनीहरुको सम्बन्ध कायम राख्नुपर्छ। बाहिरी मुलुकको नागरिकता त्यागेर नेपाल फर्किएमा राजनीतिक अधिकार समेत दिनुपर्छ। त्यसकारण दक्षिण एसियाबाहेक अन्यत्र बसोबास गर्दै आएका गैरआवासीय नेपालीलाई नागरिकताको प्रमाणपत्र दिनुपर्छ भन्ने कांग्रेसको प्रष्ट धारणा छ।

दोहोरो नागरिकता दिंदा त्यसबाट नेपाल र नेपालीलाई के कस्तो फाइदा होला ?

म नेपाली हुँ भन्ने भावनाले उनीहरुलाई नेपालमा लगानी गर्न थप प्रोत्साहित गर्नेछ। यसका साथै विदेशमा आर्जन गरेको सम्पत्ति भोलिका दिनमा नेपालमा लगानी गर्न उनीहरुलाई सहज हुनेछ। यतिमात्र होइन, उनीहरुको क्षमता र शक्तिलाई देश विकासमा उपयोग गर्न सकिनेछ। उनीहरुको लगानी समग्र मुलुकको विकासमा सहयोगी हुनेछ।

तर लगानी सुरक्षित हुनेमा उनीहरूको आशंका छ नि ?

राजनीतिक बाहेकका अन्य सबै किसिमका अधिकार दिएर उनीहरुको लगानी भित्र्याउन सकेमा त्यसबाट मुलुकको आर्थिक विकासमा बिशेष सघाउ पुग्नेछ। उनीहरुको लगानी सुरक्षित गर्ने दायित्व सरकारको हो।

## नागरिकता निरन्तरताको अभियान अर्को चरणमा

नेपालमा नया संविधान लेखनको क्रम अगाडि बढिरहदा संसारभर छरिएका लाखौ नेपालीको अपेक्षा पुरा हुने संभावना बलियो भएको छ। नेपाली हुनुको भावनात्मक र कानुनी पहिचान अरु देशको नागरिकता लिएपनि कायमै राख्ने दिशामा पछिल्ला दुई बर्षमा भएका निरन्तर बहस, छलफल र भेटघाटले दोहोरो नागरिकताको अवधारणाकाप्रति अधिकांशको बुझाइ परिवर्तन भएको छ। खासगरी राजनीतिक दलहरुबीच यस विषयमा एकखाले सैद्धान्तिक समझदारी बनेको महसुस हुन्छ।



रामप्रताप थापा

शुरुका दिनमा कतिपयको बुझाईमा दोहोरो नागरिकता गैरआवासीय नेपालीले उठाएको विशेष सुविधाको माग हो भन्ने थियो। तर हिजोको त्यो बुझाईमा अहिले परिवर्तन आएको छ। दोहोरो नागरिकता कायम राख्ने मुद्दा सधैं नेपाली भएर बाच्न पाउने र नेपाली नै भएर मर्न पाउने अधिकारको मुद्दा पनि हो। त्यसैले तत्कालिन फाइदा वा वेफाइदा भन्दा पनि रोजीरोटीका लागि नेपाली भूमिबाट टाढा रहेर संघर्ष गर्दै आएका लाखौ नेपालीलाई सधैं नेपाली हुं भन्ने महसुस गराउन पनि यो बिषय महत्वपूर्ण छ भनेर हामीले आवाज उठाएका हौ।

गैरआवासीय नेपाली संघको दोहोरो नागरिकता सम्बन्धी कार्यदलले विभिन्न समयमा नेपालभित्र नीति निर्माता राजनीतिक दलका नेताहरु तथासामाजिक क्षेत्रका व्यक्तित्वहरुसंग सघन छलफल गरेको छ। दोहोरो नागरिकता कायम राख्दा नेपाललाई मूलत कुनै बेफाइदा हुदैन भन्नेमा एक किसिमको सहमति देखिएको छ। त्यसैले नेपालको इतिहासमै संविधानसभा मार्फत पहिलो पटक नया संविधान लेख्ने काम भइरहेको सन्दर्भमा दोहोरो नागरिकताको विषयलाई पनि संविधानमा नै उल्लेख गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो।

पछिल्लो समय संविधान लेखनको समयसीमा नजिकिदै गर्दा दलहरुबीच विवादका विषयहरु पनि सँघुरिदै गएका छन्। त्यसैले दोहोरो नागरिकताको विषयमा फेरि एकपटक व्यापक छलफलको आवश्यकता देखिएको छ। त्यस्तै सिंगै देशनै परिवर्तनको संघारमा अभिएको यो वेला नेपालबाहिर रहेका लाखौं नेपालीहरुको सीप, संशाधन र स्रोत नेपालको विकासमा केन्द्रित गरी उनीहरुलाई मातृभूमीसंग जोड्ने एउटा ऐतिहासिक अवसरको सदुपयोग गर्न सबै गम्भीर बन्नुपर्ने आवश्यकता पनि छदैछ।

*(थापा गैरआवासीय नेपाली संघका संरक्षक तथा दोहोरो नागरिकता कार्यदलका संयोजक हुनुहुन्छ)*

पृष्ठ १ बाट क्रमशः

## नेपाली नागरिकता...

नभएको बताउनु हुन्छ,नेपाली कांग्रेसका सभासद तथा युवा नेता गगन थापा।

गैरआवासीय नेपालीको नेपाली नागरिकता कायम राख्दा नेपाललाई कुनै हानी नपुग्नेमा पनि सबै दलको समान धारणा देखिएको छ। प्रधानमन्त्री डा. भट्टराईको बिचारमा 'नेपालको विकास र प्रतिष्ठाका निम्ति नेपाली हुँ भन्ने मन, बचन र कर्मका साथ सेवा गर्ने सकारात्मक कुरा हुन्।' त्यसैले गैरआवासीय नेपालीलाई दोहोरो नागरिकताको सुविधा दिएमा नेपालप्रति अपनत्व दिलाउन र मानसिक रुपमा समेत 'आफ्नो' देशमा लगानी गर्न अभिप्रेरित गर्न सकिन्छ। प्रधामन्त्री भट्टराई थप्नुहुन्छ, 'नेपाली नागरिकता कायम राखिरहनुको अर्थ उनीहरु नेपाली भइराख्ने तथा नेपालप्रतिको अपनत्व कायम राखिरहने कुरासँग जोडिन्छ।'

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेपालमा जन्मिएको, नेपाली भएको र केही समयको लागि मात्र विदेश गएकोले पनि नेपालसंगको सम्बन्ध कायम राख्न गैरआवासीय नेपालीहरुलाई नागरिकता दिदा मुलुकलाई पनि लाभ हुने तर्क गर्नुहुन्छ। कांग्रेस उपसभापति रामचन्द्र पौडेल गैरआवासीय नेपालीलाई दोहोरो नागरिकता दिइएमा विदेशमा आर्जन गरेको सम्पत्ति नेपालमा लगानी गर्न उनीहरुलाई सहज हुने र उनीहरुको क्षमता र शक्तिलाई देश विकासमा उपयोग गर्न सकिने सम्भावना औंल्याउनु हुन्छ। युवा नेता थापा चाँहि आर्थिक हिसाबले मजबुत, विदेशमा सिकेको ज्ञान, प्रविधि र सीपमा दक्ष दक्ष गैरआवासीय नेपालीलाई नेपाल र नेपालीसँग जोड्न नागरिकता सरहको परिचयपत्र दिएमा नेपाललाई कुनै नोक्सान नहुने तर प्रशस्त फाइदा हुने देख्नुहुन्छ।

गैरआवासीय नेपालीको दोहोरो नागरिकताका विषयमा सरकार र प्रतिपक्षी दलहरुबीच खासै सैद्धान्तिक मतभेद नदेखिए पनि त्यसको व्यवहारिक कार्यान्वयमा भने विस्तृत छलफल हुन सकेको छैन। दोहोरो नागरिकताको विषयलाई संवैधानिक रुपमा नै सम्बोधन गर्न सकिने अवस्था विद्यमान भएकोले यसमा सबै दलहरुलाई सहमत गराउन सकिन्छ। राजनीतिक दलहरु आफ्नो प्रतिबद्धतामा अडिग रहे नेपालसँग वाध्यतावस कानुनी सम्बन्ध तोड्न बाध्य नेपालीलाई सम्बन्ध जोड्न सहयोग पुग्नेमा भने कुनै शंका छैन।

## समाचार

## एनसिसि नाइजेरियाद्वारा सहयोग

जनवरी २० तारिखमा नाइजेरियाको कानो शहरमा बम बिष्फोटमा परी मृत्यु भएका स्याङ्जाका हरिप्रसाद भुसाल बुटवलका राज सिंहको शवलाई नेपाल ल्याउन गैरआवासीय नेपाली संघ नाइजेरियाले सहयोग गरेको छ। सहयोग कार्यमा सकृय एनआरएनए राष्ट्रिय समन्वय परिषद नाइजेरियाका अध्यक्ष हिक्मत थापालाई अध्यक्ष जीबा लामिछानेले एक पत्र मार्फत धन्यवाद दिनु भएको छ। यसै गरी एनआरएनए नाइजेरीयाबाट परोपकारी परियोजनाका लागि सहयोग स्वरुप उपलब्ध गराएको रकम २ लाख ४४ हजार, ७ सय ५० रुपैया गैरआवासीय नेपाली संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरी महेन्द्रदय उच्च मावि डाँडागाउँ ओखे गाविस ४ खोटाङ्गलाई प्रदान गरिएको छ। एनसिसि नाइजेरियाका सल्लाहकार विदुर घिमिरे र एनआरएन नरेन्द्र श्रेष्ठले विद्यालयको व्यवस्थापनलाई उपलब्ध गराइदिनको लागि सो रकम सभासद हरि रोकालाई हस्तान्तरण गर्नुभयो।



एनसीसी नाईजेरियाले महेन्द्र उच्च माविलाई उपलब्ध गराएको सहयोग रकम सभासद हरि रोकालाई हस्तान्तरण गरिँदै।

## बिचल्लीमा परेका १४ जना नेपाली स्वदेश फिर्ता



एनसीसी युएईले आयोजना गरेको वनभोजका सहभागी।

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएन एनसीसी युएई) को विशेष पहलमा बिचल्लीमा परेका १४ जना नेपाली स्वदेश फिर्ता भएका छन्। गत डिसेम्बर २०११ को पहिलो हप्ता युएईमा कम्पनिका मालिक फरार भएपछि उनीहरु बिचल्लीमा परेका थिए। उनीहरुको समस्या समाधानका लागि एनआरएनए एनसीसी युएईका अध्यक्ष, उपाध्यक्ष लगायत विभिन्न संघसंस्थाका व्यक्तिहरूले सरोकारवालासँग भेटगरी पहल गरेका थिए। दूतावाससँग सम्पर्क गरी एनसीसीका अध्यक्ष चन्द्रबहादुर रोकाहाले स्थितिका बारेमा जानकारी लिनुभएको थियो।

यसअघि एनसीसी युएईले गैरआवासीय नेपालीहरुबीच एकआपसमा भातृत्व तथा सदभाव विकास गर्न बृहत वनभोज कार्यक्रम गरेको थियो। वनभोजमा नेपाली दूतावास युएईका नियोग उपप्रमुख दिपक अधिकारी, मध्यपूर्वका संयोजक नरेन्द्र भाट लगायत करिब ३सय ५० जनाको सहभागिता रहेको थियो।

### गैरआवासीय नेपाली संघको केही महत्वपूर्ण भावी कार्यक्रमहरू

२०१२ **फेब्रुअरी** २३ –२६ : मा दोहोरो नागरिकता कार्यदलको एक प्रतिनिधिमण्डलले नेपाल सरकार, सभासदहरु, प्रमुख राजनैतिक दलका प्रमुख नेताहरुसंग अन्तरक्रिया कार्यक्रम गर्ने।

२०१२ **मे** : गैरआवासीय नेपालीहरुको सुरक्षित आप्रवासन सम्बन्धी विषयमा गैरआवासीय नेपाली संघको एक प्रतिनिधिमण्डलले नेपाल सरकारसँग छलफल गर्ने कार्यक्रम।

**आगामी** २०१२ **जुन** : जुलाईमा युरोपियन क्षेत्रको बैठक आयोजना हुने।

**आगामी** २०१२ **अगष्ट** : सेप्टेम्बरमा गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन अष्ट्रेलियामा आयोजना हुने।

गैरआवासीय नेपालीहरुको सामूहिक लगानी सम्बन्धी कार्यक्रमको लागि संघका अध्यक्षको विभिन्न एनसिसि भएका मुलुकहरुमा भ्रमण गर्ने कायक्रम।

२०१२ **अक्टोबर** ११ : मा गैरआवासीय नेपाली दिवस कार्यक्रमको आयोजना।

## नेपाल-पोल्याण्ड सम्बन्धबारे अन्तरक्रिया



नेपाल पोल्याण्डबीचको सम्बन्ध कायम गर्न आयोजित अन्तरक्रिया

पोल्यान्डमा रहेका नेपालीले भोग्नु परेका समस्या समाधान तथा नेपाल-पोल्यान्डबीचको सम्बन्ध सुमधुर बनाउने विषयमा गत जनवरी १७ मा बृहत अन्तरक्रिया कार्यक्रम आयोजना गरियो। पोल्यान्डमा बस्ने नेपाली तथा पोलिस नागरिकबीच सम्पन्न कार्यक्रममा प्रमुख अतिति पोल्यान्डका लागि नेपाली राजदुत सुरेशप्रसाद प्रधानले पोल्यान्डमा बस्ने नेपालीहरुको समस्यालाई गम्भिर रुपमा हेरिएको र नेपाल-पोल्यान्डबीचको सम्बन्ध बलियो र सुमधुर बनाउन सदैव प्रयासरत रहेको बताउनु भयो।कार्यक्रममा एनसीसी पोल्याडका अध्यक्ष डा.बोधराज सुवेदीले संघका गतिविधिबारे जानकारी गराउदै पोल्यान्डमा रहेका नेपालीहरुको समस्या समाधान गर्न पोल्यान्डमा पनि कन्सुलेट खोल्न आग्रह गरेका थिए। अन्तरक्रियामा डा. उदयदेव आचार्यका साथै विद्यार्थी, कामदार तथा अन्य विभिन्न व्यक्तिहरुले गुनासो पोखेका थिए।

## सातौं क्षेत्रीय सम्मेलन अष्ट्रेलियामा

गैरआवासीय नेपाली संघको सातौ क्षेत्रीय सम्मेलन अष्ट्रेलियाको सिड्नी शहरमा **अगष्ट २९ देखि सेप्टेम्बर** १ तारिखमा आयोजना हुने भएको छ। सम्मेलन तयारीका लागि आसियाना क्षेत्रीय अध्यक्ष मन खत्रीको संयोजकत्वमा समिति गठन भएको छ। यसअघिका क्षेत्रीय सम्मेलन कतारको दोहा, जर्मनीको बोन, थाइल्याण्डको बैंङ्कक, अमेरिकाको ह्युस्टन युएइको दुबई र रसियाको मस्कोमा सम्पन्न भएका थिए।

# Public Libraries:
# A Success Story With Uncertain Future



By Naresh Koirala

NRNA announced its commitment to help develop Public Libraries project (hereafter the Project) in Nepal in the Kathmandu Declaration of 2007. As used to happen those days, neither the scope of the Project nor funding for the Project had been considered prior to the announcement. The responsibility to implement the Project was assigned to Nepal Library Foundation (NLF), a charity organization registered in Canada and headed by this writer. In the last four years, NLF has invested over $ 110, 000 in various libraries across the country from Simikot, Humla in the north to Simara, Sarlahi in the South; from Tikapur, Kaliali in the west to Dangihat, Morang in the east.

Our work has involved donating books to existing/ new libraries; upgrading existing libraries; establishing new libraries; providing computers; training library managers and computer teachers. We have now footprints in more than 30 libraries across the nation and have donated over 130 computers, thousands of books and trained tens of teachers. In collaboration with the Open Learning Exchange (OLE) Nepal, we have also established the country's first e-Pustakalaya. There are more than 3,000 holdings in e-pustakalaya and the pustakalaya is available on-line, free of cost. We are also engaged in library advocacy with the Government of Nepal. During audit visit of our libraries, we recognized that there is an urgent need to develop a program to enhance the reading habit of our fellow citizens. We started book clubs in our libraries.

To date, the Project has been financed from donations from NRNs (approximately 40 %) and a contribution (approximately 60 %) from NLF's Canadian sponsors and supporters. The success of the Project has resulted in ever growing number of requests for assistance. Currently we have over 15 written requests in our files from libraries in various parts of the country and more are expected. In the middle of 2009, we started a small office in Kathmandu since it was becoming increasingly difficult to manage the Project from Canada. Our Kathmandu office is managed by Mr Dhan Kumar Shrestha who also trains librarians, monitors our libraries' performance; initiates book clubs and liaises with the librarians requesting assistance. Mr Shrestha is the only paid staff in NLF. His work is overseen by Nepal's well known library veteran Sharad Babu Shrestha who volunteers his time. The total overhead of NLF is about Rs 325,000.00 per year.

The Public Libraries Project is a long term project and desperately needs a stable source of finance to continue. NLF has tried to secure grant from institutional/ corporate donors in Canada, but this has not been successful due to increasing competition for charity dollars and global financial hard times. To date, the Directors of NLF have worked extremely hard to raise funds from non-NRN sources to keep the Project active; but this cannot continue forever. This is a NRNA project and we should not have to rely on donations of non-NRNs to sustain it.

Under the circumstances, the financial stability of the Project is possible only with active involvement of NRNA in fund raising and financial assistance from NCCs and individual NRNs. Our current budget without overhead is a minimum of $ 30,000 per year. There is no shortage of enthusiasm and support for the Project from NRNs. This was evident from my discussions with NRN friends during the Global Conference, 2011 in Kathmandu. Fund raising will require NRNA office bearers tap the extant support for the Project and inspiring the NRNs to play an active role in the Project. The NCC Presidents and NRNA regional leaders are in the best position to provide leadership to this effort. If all NCC s commit to the Project, raising $30,000 per year from 59 NCCs is conveniently achievable.






NLF Supported Library and Book Club in Phalebas, Parbat

> The Public Libraries Project is a long term project and desperately needs a stable source of finance mainly from the NRNs to continue

As a way forward, all NCC Presidents should consider establishing a Public Libraries committee in their respective countries of domicile. The responsibility of this committee will be to raise funds for the Project, send the fund to NLF and monitor the work of NLF. They may also encourage NRNs with significant business establishments to be NLF's sponsor by donating $ 1500 per year. In 2010, then Vice President Mr Jiba Lamichhane and Charity Coordinator Mr Rama Kant Kharel from Everest Restaurant, Canada took the lead and became the first Nepali sponsors of NLF.

The year 2012 will be a test year for NRNA's Public Libraries commitment. Much has been achieved over the last four years and it will be unfortunate and a blot on NRNA's public image if the Project goes under because of a lack of finances. Our commitment to create synergy amongst NRNs for the development of Nepal will justifiably ring hollow should this happen. ❍

*President of the Nepal Library Foundation, Mr Koirala has been designated Champion, NRNA Public Libraries Project. He can be reached at naresh@nepallibrary.org*



प्रा. डा. सूर्यप्रसाद सुवेदी

# दोहोरो नागरिकताको प्रश्न

नेपाली  राजनीति र सामाजिक वृत्तमा राम्रोसँग नबुझिएका प्रश्नमध्ये गैरआवासीय नेपालीको दोहोरो नागरिकता सम्बन्धी विषय पनि एक हो । दोहोरो नागरिकता सबैका लागि खुला हुनु पर्दछ भन्ने गैरआवासीय नेपालीको माग होइन । भारत र चीन जस्ता दुई ठूला मुलुकको बीचमा अवस्थित नेपालले सबैलाई दोहोरो नागरिकता खुला गर्नुअघि धेरै कुरा सोच्नु पर्दछ भन्नेमा गैरआवासीय नेपाली जानकार छन् ।

इतिहासका विभिन्न कालखण्डमा नेपालबाट भारतका आसाम, दार्जिलिङ, सिक्किम जस्ता प्रदेशमा छरिएर बस्न पुगेका नेपाली हुन् वा भुटान र बर्मा जस्ता देशमा बस्न पुगेका नेपाली ती सबैलाई जनसंख्या वृद्धिको चाप खेपेको नेपालले दोहोरो नागरिकता दिनु गाह्रो कुरा हो । अंग्रेज सरकारसँग सुगौली सन्धि हुनुअघि पूर्वमा टिष्टा र पश्चिममा काँगडासम्म फैलिएको तत्कालिन विशाल नेपालभित्र बसेका नेपाली मुलका व्यक्तिका सबै सन्ततिलाई अहिलेको सानो मुलुक नेपालले नागरिकता दिनु धेरै गाह्रो छ भन्ने पनि अवगत छ ।

भारतमा दोहोरो नागरिकताको प्रश्न उठ्दा सदियौंदेखि र खासगरी अंग्रेजहरुले शासन गर्दा बेलायती साम्राज्यका अन्य मुलुकमा श्रमिकका रुपमा लगिएका लाखौंलाख  भारतीय र तिनका पुस्तौ पुस्तादेखि अन्य देशको नागरिकता लिएर बसेका व्यक्तिको प्रश्न पनि आउँछ । अहिले संसारभरी दुई चार पुस्ताका भारतीय मुलका  प्रशस्त मानिस छन् । तर नेपालीको हकमा त्यो लागू हुँदैन । नेपालीहरु पेशा व्यवसायको लागि परदेश जान थालेको  धेरै भएको छैन । पहिलो पुस्तामै रहेको नेपालीको संख्या पनि ठूलो छैन । तसर्थ भारतको जस्तो दोहोरो नागरिकताको प्रश्न नेपालको होइन । नेपालमा दोहोरो नागरिकताको व्यवस्था गरेर भारतीय वा चिनियाँ नागरिकले भविष्यमा नेपालको नागरिकता लिन सक्ने स्थिति बनोस् भन्ने कसैको माग होइन र हुन पनि सक्दैन ।

नेपाली  नागरिकता ऐन, २०१९ पछि नागरिकता लिएका नेपालीहरु काम व्यवसायले विभिन्न मुलुकमा गई त्यहीको नागरिकता लिनु परेको स्थितिमा नेपाली नागरिकता छोड्न नपरोस्, उनीहरु नेपालप्रति बफादार भएरै बस्न सकुन र त्यस्ता व्यक्तिले नेपाललाई  आर्थिक र बौद्धिक सहयोग पुऱ्याई राख्न सकुन् भन्ने नै गैरआवासीय नेपालीको भनाई हो । नेपालको  विकासमा आर्थिक र बौद्धिक सहयोग गर्नका लागि स्थापित संघले नेपालसँग माग्ने होइन नेपाललाई दिने कुरा हो । तसर्थ संघले  माग भनेको भईरहेको नेपाली नागरिकता छोड्नु नपरोस् भन्ने मात्र हो । नागरिकता छोड्न नपर्ने व्यवस्था गर्दा नेपाललाई न कुनै बोझ पर्दछ न त नेपालको जनसंख्यामा कुनै असर । विदेशमा कार्यरत नेपालीले नेपाल फर्कन चाहेमा नेपाली नागरिकता नत्यागेसम्म जहिले पनि फर्कन सक्ने स्थिति कायमै छ । संघमा नेपाली नागरिकता नत्यागेका कैं बाहुल्यता छ । तिनिहरुले चाहेमा अहिले पनि नेपाल फर्केर राजनीतिक, सामाजिक क्रियाकलापमा लाग्न सक्छन् । पेशा व्यवसायको उन्नतिको लागि परदेशमा रहदा सम्बन्धित मुलुकको कानून अनुसार त्यो देशको नागरिकता लिनु पर्ने भएमा नेपालाको नागरिकता छोड्नु नपरोस् भन्ने हो । त्यस्तो व्यवस्था नागरिकता ऐनमा सामान्य संशोधन गरेरै पनि हुने कुरा हो । नागरिकता प्राप्ति र समाप्ति सम्बन्धी व्यवस्था अहिलेको संविधानमा छैन र भोलि पनि गर्नु पर्दछ भन्ने छैन । यो प्रश्नमा नेपालको भावि संविधान निर्माण नभएसम्म पर्खनु पर्ने आवश्यकता पनि छैन ।

नागरिकता ऐन, २०१९ पछि नेपाली नागरिकता प्राप्त गरी विदेशमा गएर त्यही देशको नागरिकता लिने नेपाली ज्यादै कम छन् । यसरी नागरिकता लिएका व्यक्तिले खासगरी उन्नत मुलुकको नागरिकता लिएका छन् र त्यस्तो मुलुक छोडेर त्यस्ता स्वदेश फर्किने सम्भावना कमै हुन्छ र फर्के पनि नेपालमा आरामको जिन्दगी बिताउन राम्रै धनराशी ल्याउने छन् । जुन नेपालका लागि सबै हिसाबले राम्रो कुरा हो । नेपाल जस्ता साना देश जस्तै साइप्रस, कोस्टारिका, माल्टा आदि  मुलुकले आफ्ना देशका नागरिकको कुरै छोडौं सम्पन्न विदेशी नागरिकलाई पनि आफ्ना देशमा आएर बसोबास गरिदिए हुन्थ्यो भन्ने आर्थिक नीति बनाएका छन् ।

नेपाल सरकारको अदूरदर्शी नीतिको कारण विदेशी नागरिकता लिन योग्यता पुगेका धेरै नेपाली, खासगरी गोर्खाली सिपाही र तिनका परिवारले नेपालमा भएको आफ्नो सम्पत्ति बेचेर विदेशमा लगानी गर्न थालेका छन् । गोर्खालीको आम्दानीको कारणले आर्थिक रुपले राम्रो प्रगति गर्दै गरेका धरान र पोखरा जस्ता शहरबाट धन विदेशिन थालेको छ । नेपाल सरकारले ती गोर्खालीलाई तपाईहरुले नेपालको नागरिकता छोड्नु पर्दैन भन्न सकेको भए पूँजी पलायन हुने थिएन । नेपालको आर्थिक स्थिति सुध्रेला भन्ने हेतुले अंग्रेज सरकारसँग जमानामा भएको गोर्खा भर्ति सम्बन्धी सन्धिले अहिले आएर नेपाललाई आर्थिक फाइदा होइन बेफाइदा मात्र हुन थालेको छ । र, नेपाल सरकार अझै सकारात्मक नीति  ल्याउन ढिला गरिरहेको छ । तसर्थ दोहोरो नागरिकताको प्रश्न नेपालबाट केही माग्न होइन बरु नेपाललाई दिन उठाइएको प्रश्न हो ।

दोहोरो नागरिकता सम्बन्धी व्यवस्थामा ढिलाई हुनुको पछाडि नेपालका नेताहरुको अदूरदर्शिता पनि जिम्मेवार छ । भर्खर मात्रै नागरिकता ऐनमा संशोधन गरी नेपाली नागरिकता धेरैलाई वितरण गरि सकियो । नेपाली जनसंख्यामा विदेशी मूलुकको जनसंख्याको चाप हेर्ने हो भने भोलि मुलुकको भविष्यसँग सम्बन्धित गहन प्रश्नमा जनमत संग्रह गर्ने हो भने त्यो मत कता जान्छ भन्ने ठेगान नहुने डरलाग्दो परिस्थितिमा मुलुक आइपुगेको छ ।

> संसारका उन्नत मुलुकमा पुगेर आफ्नो पौरखमा धन, विद्या, बुद्धि आर्जन गरिरहेका नेपाली र तिनका सन्तति नेपालप्रति वफादार भईरहन सकेमा नेपाल राष्ट्र कमजोर होइन समृद्ध बन्छ । त्यसका लागि नेपालको नागरिकताले एउटा जीवन्त तन्तुको काम गर्दछ ।

भारतसँगको १९५० को सन्धिमा भएको एक अर्काका नागरिकलाई पारस्परिक राष्ट्रिय व्यवहार गरिने छ भन्ने व्यवस्थाले झण्डै सवा अरब भारतीय नागरिकलाई नेपालमा आएर पेशा व्यवसाय गरी बस्ने छुट छदैछ र लाखौंलाख भारतीय नागरिक नेपालमा छन् । नेपालको अर्थतन्त्रमा तिनको ठूलो प्रभाव छ । तर नेपाली व्यक्ति जो नेपालप्रति वफादार छ भोलि परेमा नेपालाका लागि लड्न तयार छ, विदेशमा बसे पनि तन, मन, धन नेपाललाई नै दिइरहेको छ। त्यो राष्ट्रवादी नेपालीलाई नेपालको नागरिकता छोड्नु पर्दैन भन्ने उदारतासम्म नेपालले देखाउन सकेको छैन ।

नेपाला यस्तो देश हो जहाँ गोर्खा भर्ति शुरु भएदेखि नै देशको आर्थिक फाइदाका लागि युवाशक्ति निकासी गर्ने लज्जास्पद नीति छ । अहिले पनि नेपाल सरकार र नेताहरु युवाशक्ति निकासी गर्ने नीति बनाउन पछि पर्दैनन् । तर तिनै नेताहरु विदेश गएर पौरख गरेर धन, विद्या र बुद्धि आर्जन गर्नेप्रति अनुदार देखिएका छन् । संसारका उन्नत मुलुकमा गएर आफ्नो पौरख देखाएर धन, विद्या, बुद्धि आर्जन गरेकाप्रति नेपाल सरकार गौरवान्वित भई तपाईहरु नेपालको नागरिकता नछोडि बस्नोस्, तपाईका सन्ततिलाई पनि नेपालप्रति माया गर्ने वातावरण दिनोस् भनेर अनुरोध गर्नु पर्ने हो । त्यसका लागि नेपालको नागरिकताले एउटा जीवन्त तन्तुको काम गर्दछ । विदेशमा बसेको नेपाली र तिनका सन्तति नेपालप्रति वफादार भईरहन सकेमा नेपाल राष्ट्र कमजोर होइन समृद्ध बन्छ ।

अहिलेको भूमण्डलिकरणको जमानामा दुरदर्शी नेताहरु भएका कैयौं मुलुकमा दोहोरो मात्र होइन बहुल नागरिकता खुला गरिएको छ। युरोपेली संघका सबै २७ मुलुक, क्यानडा, अष्ट्रेलिया, अमेरिका मात्र नभई नेपाल जस्तै साना वा विकासोन्मुख देश पाकिस्तान, श्रीलंका, क्याम्बोडिया आदिमा पनि दोहोरो नागरिकता खुला छ। अहिलेको श्रीलंकाका रक्षामन्त्री र श्रीलंकाका राष्ट्र संघका लागि राजदूतको पनि दोहोरो नागरिकता छ । क्याम्बोडियाका कानूनमन्त्री र संसदमा विपक्षी दलका नेताको पनि दोहोरो नागरिकता छ । प्रश्न दोहोरो नागरिकताको होइन, वफादारीको हो । सुविधाका लागि विदेशी नागरिकता लिएको व्यक्ति नेपालप्रति कम होइन बरु बढी वफादार हुन सक्दछ ।

चीन र भारतले अहिलेको चरणको आर्थिक विकास शुरु गर्दा आफ्ना मुलुकका संसारभरी छरिएका विद्या, बुद्धि, शीप र कौशल भएका थुप्रै व्यक्तिलाई मुलुक फर्काउने आकर्षक नीति बनाएका थिए र गैरआवासीय चिनियाँ र भारतीयको ती देशको विकासमा ठूलो भूमिका छ ।

नेपालको आर्थिक, राजनीतिक र शैक्षिक दुरावस्थाको कारणले आफ्ना भाग्य अजमाउन विदेश लाग्नेहरुमध्ये नेपालको अब्बल दर्जाको जनशक्ति पनि छ । नेपालले त्यस्तालाई नेपालको नागरिकता राखिराख्न व्यवस्था गर्न नसकेमा त्यो जनशक्ति नेपाल फर्केर राष्ट्र निर्माणमा योगदान गर्ने सम्भावना कम रहन्छ । अब्बल दर्जाको त्यो जनशक्ति नेपाल फर्काउने योजना नबनेमा नेपालले यथेष्ट प्रगति हासिल गर्न गाह्रो हुनेछ । यस्ता कर्मयोगीलाई नेपाल फर्केर राष्ट्र निर्माणमा योगदान गर्ने मौका खुला राख्न पनि उनीहरुको नेपाली नागरिकता कायमै राख्न सक्ने व्यवस्था गर्नु नेपालकै लागि श्रेयस्कर छ ।

अहिलेको गैरआवासीय नेपाली सम्बन्धी ऐनले गरेको परिचयपत्रले गैरआवासीय नेपालीको आकांक्षा पुरा गर्दैन । अधिकांश गैरआवासीय नेपालीले नेपाली नागरिकता नत्यागेको वर्तमान परस्थितिमा त्यस्तालाई थप परिचयपत्र लिइरहनु पर्ने आवश्यकता छैन । सीमित अधिकारसहितको दोहोरो नागरिकताले पनि गैरआवासीय नेपाली र तिनका सन्ततिको नेपालप्रतिको प्रतिबद्धतालाई कमजोर पार्दछ ।  नागरिकता शब्दसँग नागरिकका नागरिक अधिकार अभिन्न रुपले गाँसिएका हुन्छन् । पूर्ण अधिकार विनाको नागरिकता राजनीतिशास्त्रको सिद्धान्तले कल्पना गर्दैन । तसर्थ एक पटकको नेपाली नागरिक सधैंको नेपाली नागरिक भन्न सकिएमा मात्र नेपालले गैरआवासीय नेपालीबाट फाइदा लिन सक्नेछ । माथि उल्लेख गरिए झैं नेपाली नागरिक सरहको पेशा व्यवसाय सम्बन्धी अधिकार सन् १९५० को सन्धि अन्तर्गत भारतीय नागरिकले पनि पाई रहेका छन् । के गैरआवासीय नेपालीको स्थान नेपालमा भारतीय नागरिकको भन्दा माथि हुनु नेपालको दूरगामी हितमा छैन र? जसरी गैरआवासीय नेपालीले लण्डन र न्यूयोर्कका सडकमा उत्रेर नेपालको  जनआन्दोलन २ को पक्षमा ऐक्यबद्धता जनाउँदै अन्तर्राष्ट्रिय जनमत निर्माणमा सहयोग पुऱ्याए,भोलि नेपालमाथि खतरा भएमा राष्ट्रमा फर्केर वा बाहिरबाटै तिनले लड्ने छन् । बेलायतका लागि लड्न नेपालले पठाउने गरेको गोर्खाली भोलि नेपालका लागि लड्न तयार हुनेछन् । तर ती सबैलाई नेपाली नागरिकता दिनु पर्दछ । अनि तिनका सन्तानलाई विदेशमा जन्मे हुर्के पनि नेपालप्रति वफादार हुने भावना निर्माणका लागि पनि नागरिकताको तन्तु जीवन्त राख्नु श्रेयस्कर हुनेछ । उन्नत देशमा अहिले काम गरेर बसेको र भोलि हुर्कने नेपालीको सन्तान नेपालको लागि भार हुने छैन । बरु त्यसले नेपालको आर्थिक भार हलुका गर्न योगदान गर्नेछ । त्यसैले नेपालका नेताहरुले गैरआवासीय नेपालीका पक्षमा दूरदर्शी निर्णय लिन सक्नुपर्दछ । ❍

*( बेलायतमा कार्यरत प्राध्यापक सुवेदी गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका संरक्षक हुनुहुन्छ । )*

# RETENTION OF NEPALI CITIZENSHIP FOR THE DIASPORA



*By Dr. Ambika P. Adhikari*

Although Nepalis have a long history of movement to the foreign lands, in the past decades, the movement has accelerated at an unprecedented rate. It is estimated that almost 2.5 million Nepalis work in the Middle East, and several East Asian countries. Furthermore, more than 0.5 million Nepalis have emigrated to USA, Canada, Western Europe, Oceania and other developed nations.

To fully assimilate in the new world, a growing number of the Diaspora members, especially in developed countries, are now taking the citizenship of their adopted land. There are also many other practical reasons why the Nepali Diaspora members have embraced new citizenships. As the Non-resident Nepalis (NRN) wish to retain the Nepali citizenship, a major demand of the NRNA is that Nepal should allow retention of Nepali citizenship to those NRN who take a new nationality.

> "By allowing dual nationality, Nepal gets to retain the emotional loyalty of its educated, enterprising and prosperous sons and daughters as its life-long citizens, and also enables them lobby more effectively for Nepal"

## Dual Nationality Globally

Numerous countries grant dual citizenship in various forms. Many nations permit their citizens to retain the old nationality even when they take up the citizenship of their adopted land.

Most developed countries permit dual nationality without any restrictions. Examples are USA, Canada, UK, Australia, New Zealand, Israel, France, Ireland, Demark, and numerous others. Among the developing countries too, granting of dual nationality is quite prevalent. For example, Bangladesh, Pakistan, Brazil, Colombia, Mexico, Barbados, Philippines and many other countries allow dual nationality for their citizens without any restriction. Many others like India, Sri Lanka and Slovenia grant dual nationality with certain limitations. Most recently in 2010, Kenya, a developing country like Nepal, re-wrote its constitution and firmly entrenched the right of all Kenyan nationals to retain their citizenship even when they take foreign nationality.

Some countries, because of security and other reasons, limit the benefits of dual citizenship rights for their expatriates who live in certain countries. For example, the Government of India in 2005 granted a limited dual nationality (Overseas Citizenship of India - OCI) rights to the non-resident Indians (NRI), and excluded the NRIs living in Bangladesh and Pakistan from the list of beneficiaries. India took a more conservative stance on dual nationality because of the security concerns it faces due its unique geo-political situation.

## Retention of Nepali Citizenship

The NRNs who have obtained foreign citizenship can be termed as the Foreign Citizens of Nepali Origin (FCNO). The FCNOs have aspirations that Nepal government can help them with. They wish to maintain their properties in Nepal, they long to visit Nepal regularly without feeling like a foreigner, make investments in Nepal, and most importantly, like to feel that they are forever part of Nepal. The FCNOs who come to more developed countries in North America, Western Europe and Oceania to settle, desire to maintain strong emotional linkages to the motherland even when they live permanently in their adopted lands. Nepal should review what more developed and pragmatic countries do for their citizens. Several countries allow and encourage their nationals to keep the citizenship for life to the benefit of the nation and the citizens.

Some policy makers and leaders in Nepal feel that allowing the FCNOs to retain their Nepali citizenship will open the Pandora's box by encouraging the Nepalis living in India to make similar demands. Further, they worry that Nepal, not being an immigrant country, cannot be too liberal in opening up its citizenship to everyone in the world.

These fears are unfounded. The FCNOs are only demanding that they be allowed to retain their old citizenship. It is unlikely that many will actually move back to Nepal, but some may when they retire or some will wish to spend time in Nepal during their career. The situation with the Nepalis living in India is quite clear. The Nepali citizens who live in India are able to come back and live in Nepal as they wish. The Indian citizens of Nepali origin will have to prove that they held Nepali citizenship before the cut-off date to claim the Nepali citizenship. Obtaining Nepali citizenship in Nepal is through a due process which is quite stringent. Further, people have left Nepal for better lives elsewhere, and not many wish to return permanently. The retention of citizenship is sought primarily for sentimental and emotional reasons, and that so many families in Nepal have a member living in foreign countries, who may be a potential FCNO.

NRNs feel that Nepal should allow its nationals who have taken up another nationality, to retain their Nepali citizenship. There could be a cut-off date for this, say a1960, or later, and this should be done retroactively so that former Nepali citizens can also apply and regain their Nepali passports. This will resolve all the issues of the NRN: to maintain property, work in Nepal when they wish and also to participate in political process and bring new thoughts and blood in Nepal's political system. This scheme is well practiced in Israel, Czech Republic, France, Ireland, U.K., Australia, USA, Canada, Jamaica and many other countries. Italy even

elects to its parliament one Non-resident Italian each from several global regions.

Nepal will lose nothing by allowing Nepali citizens to retain their citizenship, but there is lot to gain by everyone. The NRN who have acquired the citizenship of developed countries would like to retain that status to enjoy social security, pension, ease of travel, to be part of their families who usually stay in the adopted land, and to be able to vote in their adopted countries. If they again become non–citizens in the adopted countries, their lobbying capacities are drastically curtailed. By allowing dual nationality, Nepal gets to retain the emotional loyalty of its educated, enterprising and prosperous sons and daughters as its life-long citizens, and also enables them lobby more effectively for Nepal.

NRNs wish to be inextricably linked to Nepal, contribute to its development, make investment and regularly or some even wish to permanently return to Nepal. Allowing the FCNOs to retain their Nepali citizenship will permanently bring them closer to Nepal.

Strengthening of the symbiotic relationship between NRN and Nepal is a win-win proposition for both parties. Nepal triumphs by capturing the resources and energy of its dynamic sons and daughters who left in search of a better life, adventure and pursuit of opportunities. The NRN community benefits by being solidly linked with its root emotionally, psychologically, financially and professionally.

*Dr. Adhikari is a Faculty Associate at Arizona State University, USA, and is an Advisor of NRNA-ICC.*

समाचार

# वैदेशिक रोजगार व्यवस्थित गराउन एनआरएनए सक्रिय



गैरआवासीय नेपाली संघका उपाध्यक्ष रामेश्वर शाह तथा महासचिव तेञ्जी शेर्पा नेतृत्वको प्रतिनिधिमण्डल नेपाल सरकारका अधिकारीहरूसँग भेटघाटको क्रममा ।

नेपालबाट दिनहुँ एक हजारभन्दा बढी नेपाली रोजगारीका लागि विदेश जाने गरेका छन् । मुलुकको आर्थिक विकासमा करिब २० प्रतिशत योगदान बैदेशिक रोजगारबाट भित्रिने रेमिट्यान्सको छ । तर, सरकारले वैदेशिक रोजगारलाई व्यवस्थित गर्न नसक्दा अनेक किसिमका कठिनाई आइपरेका छन् ।

कहिले भिसा समस्या त कहिले विदेशमा पुगे पनि काम नपाउनेजस्ता समस्या कायमै छन् । यस्ता समस्या हल गराउन गैरआवासीय नेपाली संघका उपाध्यक्ष रामेश्वर शाह नेतृत्वको प्रतिनिधिमण्डलले गत नोभेम्बर महिनामा उपप्रधान तथा परराष्ट्रमन्त्री, श्रम तथा यातायात व्यवस्था मन्त्री, सरकारी उच्चपदस्थ कर्मचारीहरु, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, अध्यागमन विभाग, नेपाल वैदेशिक व्यवसायी रोजगार संघका साथै सरोकारवालाहरुसँग छुट्टाछुट्टै छलफल गरेको थियो ।  पहिलो पटक वैदेशिक रोजगारीमा जानेले श्रम स्वीकृति लिनुपर्ने व्यवस्था तर्कसंगत भए पनि बिदामा नेपाल आएर फर्कदा पुनः स्वीकृति लिनुपर्ने प्रावधानका कारण पर्याप्त जानकारीको अभावमा विदेश जान लागेकाहरु विमानस्थलमा श्रम स्वीकृति नलिएको भन्दै फर्कनु परेको छ । पुनः श्रम स्वीकृति लिनुपर्ने अव्यवाहरिक ब्यबस्था खारेज गर्न एनआरएनले सरकारसंग माग गरेको छ । यसो गर्न नसकिए सम्बन्धित देशमा काम गर्न भिसा पाएका र ट्राभल्स डकुमेन्ट तथा हवाइ टिकट समेत लिएका नेपाली कामदारलाई गन्तव्यमा जान कठिनाई हुनेछ ।

त्यस्तै, शुरु श्रम स्वीकृति दिंदा लिइने बीमा शुल्क निश्चित अवधिपछि नवीकरण गर्दा त्यसबापत लाग्ने शुल्क एयरपोर्ट, श्रम विभाग, सम्बन्धित देशको दूतावास तथा वैकल्पिक यवस्थाबाट समेत बुझ्ने ब्यबस्था मिलाउन पनि एनआरएनले सरकारको ध्यानाकर्षण गराएको छ । संघले वैदेशिक रोजगारीमा जानेलाई सहजता प्रदान गर्न श्रम विभागबाट श्रम परिचय पत्रको व्यवस्था गर्न पनि आग्रह गरेको छ  ।

सरकारले यसअघि पटक पटक प्रतिबद्धता जनाए अनुरूप विभिन्न मुलुकस्थित कूटनीतिक नियोगमा एनआरएन डेस्क स्थापना गरी गैरआवासीय नेपाली र नेपाली दूतावासबीचको सम्बन्ध अझ मजबुत र परिणाममुखी बनाउन तथा गैरआवासीय नेपालीहरूको महत्वपूर्ण उपस्थिति भएका मुलुकहरूमा आवश्यकता अनुसार दूतावास, कन्सुलेट अथवा अवैतनिक दूतको व्यवस्था गर्न पनि सरकारको ध्यानाकर्षण गराएको छ । एनआरएनएको बैठकले बैदेशिक रोजगारीलाई व्यवस्थित गर्न गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका सचिव टिवी कार्कीको संयोजकत्वमा बैदेशिक रोजगार कार्यदल गठन गरेको छ । बैदेशिक रोजगारको सिलसिलामा विश्वभर छरिएरका नेपालीहरुको सुरक्षित आप्रवासन गर्ने उद्देश्य अनुरुप नेपालीहरुको बसाइलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउँदै गैरआवासीयहरुको आर्थिक स्तरबृद्धि गरी नेपाललाई सक्षम राष्ट्र बनाउने कार्यदलको उद्देश्य रहेको कार्कीले जानकारी दिनुभयो ।

नवगठित कार्यदलले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को मातहतमा रही नेपाल सरकारसंग बैदेशिक रोजगार र श्रमिकहरुमा देखिएका समस्या समाधानमा पहल गर्नेछ । त्यस्तै बेरोजगार युवालाई स्वदेशमै सीपमुलक प्रशिक्षण प्रदान गर्ने योजना अनुरुप नेपाल उद्योग वाणिज्य महासंघसँगको सहकार्यमा गोरखा उद्योग वाणिज्य संघको हाताभित्र सीपमूलक प्रशिक्षण केन्द्र सञ्चालनार्थ रु. २५ लाख प्रदान गरी प्रशिक्षण केन्द्र सञ्चालनमा ल्याएको छ ।

यसैगरी वैदेशिक रोजगारबारे जानकारीमूलक पुस्तक तयार पारी नेपालका सबै गाविस, नगरपालिका, म्यानपावर कम्पनी, एयरपोर्ट लगायतका स्थानबाट वितरण गर्ने उद्देश्यले धरम केसीको संयोजकत्वमा वैदेशिक रोजगार सूचना केन्द्र तयारी समिति गठन गरिएको छ । समितिले काठमाडौंस्थित एनआरएनको सचिवालयबाट वैदेशिक रोजगारबारे सूचना र परामर्श दिनुका साथै संघको वेबसाइटमा वैदेशिक रोजगारबारे सूचनामूलक सामग्री अध्यावधिक गर्नेछ ।

# गैरआवासीय नेपाली संघ
## अन्तर्राष्ट्रिय समन्वय समितिको नयाँ कार्यसमितिका हालसम्मका गतिविधिहरू

**२०११ अक्टोबर १५:** गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषदको नयाँ कार्यसमितिको पहिलो बैठकद्धारा भएका निर्णय ।

- सामूहिक लगानी कोष खडा गरी १०० मेगावाटको एउटा जलविद्युत परियोजना गर्ने ।
- प्रत्येक एनसिसिले नेपालमा एउटा परोपकारी परियोजना संचालन गर्ने ।
- स्वास्थ्य, शिक्षा तथा सामजिक कार्यहरुमा हेल्प नेपाल तथा सामूहिक पुस्तकालय निर्माण र संचालनमा नेपाल लाईब्रेरी फाउण्डेसनसँग सहकार्य गर्ने निर्णय ।
- परोपकारी परियोजना र एनआरएन भवन निर्माणको लागि क्रमशः रु १५६.५ लाख र ११०.५ एवं २० हजार युएसडि अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी र सदस्यहरु एवं एनसिसिहरुद्वारा रकमको घोषणा ।

**संरक्षक परिषदको गठन, युवा संयोजकको मनोनयन। कार्यदलहरु र प्रोजेक्ट च्याम्पियनको गठन तथा संयोजकहरुको चयन यस प्रकारका छन् :**

- Dual Citizenship Task Force, Chair : Ram Pratap Thapa
- Promotion of NRNs in International Organizations Task Force, Chair: Bhim Udas
- Charity Task Force, Chair : Jiba Lamichhane
- Promotion Investment in Nepal, Chair :Jiba Lamichhane
- NRNA Registration, NRN Laws and Mutual Investment Task Force, Chair : Rameshw ar Shah Promotion of Nepal Abroad and Institutionalization, Administration Task Force, Chair : Tenzi Sherpa
- Foreign Employment Task Force, Chair :T.B. Karki
- Sustainability and NRN Building Task Force, Chair : Bhaban Bhatta.
- Media and Communication Task Force, Chair : Dr. Hem Raj Sharma
- Promotion of Nepal Products Task Force, Chair : Dr. Badri K.C.
- Skill Knowledge and Innovation Task Force, Chair : Dr. Raju Adhikari.

**Project Champion :**

- Nepal Library Project, Coordinator : Naresh Koirala
- Open University Nepal, Coordinator: Dr. Pramod Dhakal.
- Education Development in Nepal, Coordinator : Homraj Acharya
- Foreign Employment Information Center, Coordinator : Er. Dharam K.C.

**२०११ अक्टोबर १५ देखि १७:** नेपालका प्रमुख राजनैतिक दलहरु साथै उपराष्ट्रपतिद्वारा आयोजना गरिएको चियापान कार्यक्रममा अध्यक्ष लगायत संस्थापक अध्यक्ष, प्रमुख संरक्षक, संरक्षक सदस्यहरु, पदाधिकारीहरु एवम् सदस्यहरु लगायत पाँचौ विश्व सम्मेलनमा भाग लिन आउनु भएका विभिन्न मुलुकका एनसिसिका प्रतिनिधिहरुको सहभागिता ।

**२०११ अक्टोबर १६:** सोल्टी क्राउन प्लाजाको आयोजनामा कीर्तिपुरको खेल मैदानमा भएको मैत्रीपूर्ण क्रिकेट प्रतियोगितामा गैरआवासीय नेपाली संघका पदाधिकारीको सहभागिता ।

**२०११ अक्टोबर १७:** अर्थमन्त्री वर्षमान पुनको अध्यक्षतामा नेपाल सरकारका सचिव एवम् प्रतिनिधिहरु र गैरआवासीय नेपाली संघका पदाधिकारीबीच बैठक । सामूहिक लगानीबारे छलफल ।

**२०११ अक्टोबर १७:** काठमाडौ महानगरपालिकाले आयोजना गरेको रात्रिभोज तथा छलफल कार्यक्रममा अध्यक्ष लगायत संस्थापक अध्यक्ष, संरक्षक सदस्यहरु, पदाधिकारीहरु एवम् सदस्यहरु लगायत पाँचौ विश्व सम्मेलनमा भाग लिन आउनु भएका विभिन्न मुलुकका एनसिसिका प्रतिनिधिहरुको सहभागिता ।

**२०११ अक्टोबर १८:** गैरआवासीय नेपाली संघ र हेल्प नेपालबीच सम्झौतापत्रमा हस्ताक्षर ।

**२०११ अक्टोबर १८:** उपप्रधान तथा परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा मन्त्रालयका प्रतिनिधिहरु, गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघबीच बैठक । गैरआवासीय नेपालीहरुको लगानी, गैरआवासीय नेपालीको परिभाषा र पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनबारे छलफल ।

**२०११ अक्टोबर १८:** गैरआवासीय नेपाली संघको प्रतिनिधिमण्डलद्वारा प्रधानमन्त्री डा. बाबुराम भट्टराईसँग भेटघाट । गैरआवासीय नेपालीका समस्याहरु विशेष गरी मध्यपूर्वमा काम गर्न जाने कामदारको पटके श्रम स्वीकृति र एनआरएन डेस्कबारे छलफल ।

**२०११ अक्टोबर १६-१८:** नेपाल चलचित्र संघ, नेपाल चेम्बर अफ कमर्स लगायत अन्य संघसंस्थाहरुसँग अध्यक्षलगायतका पदाधिकारी र सदस्यहरुको भेटघाट कार्यक्रम ।

**२०११ अक्टोबर १९:** गैरआवासीय नेपाली संघ र नेपाल उद्योगा वाणिज्य महासंघका पदाधिकारीहरुबीच बैठक । विभिन्न क्षेत्रहरुमा गैरआवासीय नेपालीहरु र निजी क्षेत्रका व्यवसायीहरुको सहकार्यमा लगानीमा विस्तार गर्ने तथा २०१२ लगानी वर्षलाई सफल बनाउन दुई संस्थाबीच सहकार्य गरेर अगाडि बढ्ने निर्णय ।

**२०११ अक्टोबर १९:** नेपाल सरकारद्वारा संघका पदाधिकारीहरुको लागि आयोजना भएको रात्रि भोजमा गैरआवासीय नेपालीको परिभाषा र सामूहिक लगानीबारे छलफल । मुख्यसचिव माधवप्रसाद घिमिरेको अध्यक्षतामा नेपाल सरकारका सचिवहरु, गैरआवासीय नेपाली संघका अध्यक्ष लगायतका पदाधिकारीसहित नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशकको सहभागिता ।

**२०११ नोभेम्बर १:** टेली कन्फ्रेन्सद्वारा पदाधिकारी समितिको पहिलो बैठक । आइसिसि सदस्यहरु र सल्लाहकारहरुको मनोयनको लागि गाइड लाइन निर्धारण, कार्यदल र प्रोजेक्ट च्याम्पियन, ३१ औं आइसीसी बैठकको एजेण्डा, वैदेशिक रोजगार प्रतिनिधिमण्डल र अन्य महत्वपूर्ण विषयहरुमा छलफल तथा निर्णय ।

**२०११ नोभेम्बर १३:** साईवर कन्फ्रेन्सबाट गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको ३१ औं बैठक । संघका संरक्षक, सल्लाहकारहरु, आइसीसी सदस्यको मनोनयन, विभिन्न समितिहरु गठन, वैदेशिक रोजागारको प्रतिनिमण्डल सम्बन्धमा र सातौ गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनको आयोजना लगायतका विषयहरुमा छलफल तथा निर्णय ।

**२०११ नोभेम्बर २३:** बहिरा बालबालिकाहरुको प्रयोजनको लागि एनआरएन रसियाको सहयोगमा केन्द्रीय बहिरा उच्च माध्यमिक विद्यालय नक्सालालाई एक समारोहबीच भ्यान हस्तान्तरण । समारोहमा एनसीसी रसियाका सदस्यद्वय डा बद्री के.सी र सपीला राजभण्डारी तथा पदाधिकारीहरुका साथै केन्द्रिय बहिरा उच्च माविका प्रधानाध्यापक र अध्यापकहरुको उपस्थिति ।

**२०११ नोभेम्बर २५:** प्रत्येक दुई हप्तामा एक पटक बैठक हुने निर्णय भए अनुसार अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको पहिलो बैठक । युवा उपसंयोजक, सल्लाहकार र आइसिसि सदस्यहरुको मनोयनबारे छलफल ।

**२०११ नोभेम्बर २६:** ५८ औं एनसिसि जाम्बियाको गठन ।

**२०११ डिसेम्बर १:** नेपाल सरकारको निर्णयअनुसार आर्थिक सल्लाहकार परिषदमा संघका अध्यक्ष जीवा लामिछानेलाई मनोनित ।

**२०११ डिसेम्बर २:** प्रधानमन्त्रीको कार्यालयमा भएको आर्थिक सल्लाहकार परिषदको पहिलो बैठकमा संघका अध्यक्ष जीवा लामिछानेको सहभागिता ।

**२०११ डिसेम्बर २:** वैदेशिक रोजगारीमा जानेहरुका विषयमा अध्ययन गर्न गैरआवासीय नेपाली संघ, युएन ओमन र एनआइडिसिबीचि सम्झौतापत्रमा हस्ताक्षर ।

**२०११ डिसेम्बर ८:** अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको दोस्रो बैठक। बाँकी रहेका सल्लाहकारहरुको मनोनयन, युवा उपसंयोजकको मनोनयन, मध्यपूर्व एसिया प्रशान्त र अमेरीकाज क्षेत्रबाट आइसिसि सदस्यको मनोनयनका साथै अन्य विषयमा छलफल ।

**२०११ डिसेम्बर १२:** उपप्रधान तथा परराष्ट्रमन्त्रीको अध्यक्षतामा भएको उच्चस्तरीय आर्थिक कुटनीति संचालन तथा अनुगमन समितिको तेस्रो बैठकमा संघका संरक्षक भीम उदास र महासचिव तेञ्जी शेर्पाको सहभागिता ।

**२०११ डिसेम्बर १५:** गैरआवासीय नेपालीको परिभाषा संशोधन गर्नेबारे पत्र परराष्ट्र सचिवलाई बुझाउने कार्य सम्पन्न ।

**१६ डिसेम्बर २०११:** ५९ औं एनसीसी इराक गठन ।

**२०११ डिसेम्बर २४:** अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको तेस्रो बैठक । मनोनयन गर्न बाँकी सल्लाहकारहरु, एसिया प्रशान्त र अमेरीकाजबाट मनोयन गरिने आइसीसी सदस्यहरु, एनसीसीहरुका महाधिवेशन लगायतका विषयमा छलफल ।

**२०११ डिसेम्बर २६:** अन्तर्राष्ट्रिय कुटनीति सम्बन्धी गैरआवासीय नेपाली संघको प्रतिवेदन परराष्ट्र मन्त्रालयको बहुपक्षीय आर्थिक मामिला महाशाखामा पेश ।

**२०११ डिसेम्बर २६:** अन्तर्राष्ट्रिय न्यायालयमा भगवान् बुद्धको प्रतिमा स्थापना गर्नेबारेको पत्र परराष्ट्र मन्त्रालयमा पेश ।

**२०११ डिसेम्बर ३१:** एनसिसि डेनमार्कले तराईमा भएको शीतलहरबाट पीडित व्यक्तिहरुको लागि सहयोग स्वरुप रु. ७०,१६१ हेल्प नेपाललाई हस्तान्तरण ।

**२०१२ जनवरी ६:** गोरखा उद्योग वाणिज्य महासंघको निमन्त्रणामा इलम प्रशिक्षण केन्द्र गोरखाको भवन शिलान्यास कार्यक्रममा संघको तर्फबाट महासचिव तेञ्जी शेर्पाको सहभागिता ।

**२०१२ जनवरी १२:** प्रधानमन्त्रीको कार्यालयमा आर्थिक सल्लाहकार परिषदको दोस्रो बैठकमा संघको अध्यक्षका प्रतिनिधि उपाध्यक्ष रामेश्वर शाहको सहभागिता ।

**२०१२ जनवरी १४:** अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको चौथो बैठक। सामूहिक लगानी कोष अपडेट, भिजन नेपाल २०३०, एशिया क्षेत्रीय प्रान्त र अमेरीकाजबाट आइसिसि सदस्यहरुको मनोनयन, सचिवालयको बजेट, कार्यदल गठन ।

**२०१२ जनवरी ३१ :** अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुको मनोनयन ।

**२०१२ जनवरी ३१ :** नेपाल सरकार लगानी बोर्ड राष्ट्रिय निर्देशक समितिको दोस्रो बैठकमा संघका महासचिव तेञ्जी शेर्पाको सहभागिता ।

**२०१२ जनवरी :** आर्थिक पत्रकार स्वर्गीय विजयबाबु खत्रीको सम्मानमा विभिन्न मुलुकका एनआरएनहरुद्वारा विजयबाबु कोषमा आर्थिक सहयोग । नेपाल सरकारबाट सन् २०१२/०१३ लाई लगानी वर्षका रुपमा मनाउन गठित समितिको सदस्यमा अध्यक्ष जीवा लामिछाने चयन ।

**२०१२ फेब्रुअरी ४ :** अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको पाँचौ बैठक । भिजन नेपाल २०३०, पदाधिकारी समिति र आइसीसी बैठकको मिति निर्धारण ।

**२०१२ फेब्रुअरी ११ :** अन्तर्राष्ट्रिय समन्वय परिषदको दोस्रो पदाधिकारी बैठक । सामूहिक लगानी कोषको प्रतिवेदन र भावी कार्यक्रम, अष्ट्रेलियामा आयोजना हुने सातौ गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन, गैरआवासीय नेपाली संघको २०११-०१३ को बजेट, एनसीसी तथा आइसीसी सदस्यहरुद्वारा विभिन्न परियोजनाको लागि आर्थिह सहयोग, संघका समस्याहरु, कार्यदलहरुको पूर्णता, दोहोरो नागरिकता दलको नेपाल भ्रमणका विषयहरुमा छलफल ।

**२०१२ फेब्रुअरी १२ :** अन्तर्राष्ट्रिय समन्वय परिषदको तेस्रो बैठक । सामूहिक लगानी कोषको प्रतिवेदन र भावी कार्यक्रम, अष्ट्रेलियामा आयोजना हुने सातौ गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन, गैरआवासीय नेपाली संघको २०११-०१३ को बजेट, एनसीसी तथा आइसीसी सदस्यहरुद्वारा विभिन्न परियोजनाको लागि आर्थिक सहयोग, संघका समस्याहरु, कार्यदलकहरुको पूर्णता, दोहोरो नागरिकता दलको नेपाल भ्रमणका साथै अन्य महत्वपूर्ण विषयमा निर्णय । ❍




Imperial Court brings together the finest in real estate design and construction. It is an exclusive community that shares your values. It's a place you'll love calling home.







3 bedroom apartments,
4/5 bedroom penthouses,
Ground/Underground Parking,
24/7 Security, 24 Hrs power backup,
8 Lifts sharing 2 in each block,
Club House, Gym, Children Play area
Set in a centrally located area of
Lalitpur with the wide access and pollution
free environment

IMPERIAL
DEVELOPERS

Call: 5538255/5538377 UTL: 2120799
Email: info@imperialcourt.com.np